सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

७ जेठ २०८३, बिहीबार (21 May 2026, Thursday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक ३८ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

स्वास्थ्य बिमा कार्यक्रमप्रति सरकारी अस्पताल नै छैनन् सन्तुष्ट



बिमा बोर्डले अनावश्यक दुःख दिएको गुनासो

(विस्तृत पृष्ठ ३)

सरकारको महत्त्वाकांक्षी नीति तथा कार्यक्रम



अग्रलेख

● राजेश विद्रोही

विगतमा जस्तै वर्तमान सरकारले ल्याएको नीति तथा कार्यक्रममा पनि मूल समस्या कार्यान्वयनमा मात्र छ

(पृष्ठ ४)

खामेनीको हत्यापछि अमेरिका र इजरायलले अहमदिनेजादलाई सुम्पन चाहेका थिए इरानको नेतृत्व



पूर्वराष्ट्रपति महमुद अहमदिनेजादले इरानको राजनीतिक, सामाजिक र सैन्य अवस्था व्यवस्थापन गर्न र देशलाई कुशलतापूर्वक संकटबाट बाहिर ल्याउन सक्ने अमेरिकी विश्वास थियो

(विस्तृत पृष्ठ ५)

धानको उत्पादन घट्दा मधेश प्रदेशको अर्थतन्त्र शिथिल

चालू आवमा सबैभन्दा कम मधेशमा १.३१ प्रतिशतको मात्रै आर्थिक वृद्धि, सबैभन्दा बढी बागमतीमा

(विस्तृत पृष्ठ ६)

कर्नर किक

● रवि मिश्र



NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

पदमा छँदा राइँदाइँ, अहिले मुद्दामाथि मुद्दा

भ्रष्टाचारको रकमी बलले सत्ता र शक्तिलाई नचाउँदै केही समयअघिसम्म कमिसन, ठेक्का, सेटिङको साम्राज्य हाँकेकाहरू अहिले मुद्दैमुद्दाको खातमा



■ पूर्वसचिवसमेत रहेका ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालका पूर्वअध्यक्ष **खेमराज रेग्मी** भन्छन्- लहरोले पहरो तान्दा धेरै मुद्दा

अनियमितता गर्ने र सम्पत्ति कमाउने लोभले मानिसलाई भ्रष्टाचारमा लिप्त गराउँछ। मानिसलाई कति चाहिन्छ भन्ने कुराको सीमा नै हुँदैन। मानिसका आवश्यकता पूर्ति हुन सक्छ, तर लोभ पूरा हुँदैन। घुस खाने बदमासी गर्ने बानी परेपछि उसले त्यही खोज्छ। कतिपय अवस्थामा सुरुमा भ्रष्टाचार देख्नासाथ कारबाही गरिदिएको भए फेरि दोहोऱ्याएर त्यस्तो काम गर्ने मौका र आँट उसलाई मिल्दैनथ्यो। पछि छानबिन गर्दा धेरै समस्या एकैपटक देखा पर्छन् र लहरोले पहरो तान्दा मुद्दा धेरै पुग्छन्।

सुवास भट्ट / नयाँ पत्रिका

भ्रष्टाचारको रकमी बलमा सत्ता र शक्तिलाई नै फनफनी घुमाउन सक्ने दुई पात्र नेपालको प्रशासनिक वृत्तमा चर्चित थिए। चर्चित त अहिले पनि छन्, तर चर्चाचाहिँ पहिलेको भन्दा ठिक उल्टो छ। केही वर्षअघिसम्म कमिसन, ठेक्का, सेटिङको साम्राज्य हाँकेका उनीहरू अहिले मुद्दैमुद्दाको खातमा अनिश्चित जेलजीवन काटिरहेका छन्। ती हुन्- आइटीका 'हस्ती' विकल पौडेल र सुनील पौडेल।

विश्वमै सूचना प्रविधिको विकास र विस्तार तीव्र बन्दै थियो। जनशक्ति र लागत घट्ने तथा भ्रष्टाचार नियन्त्रणमा सहयोग पुग्ने भन्दै नेपाल सरकारले नै सूचना प्रविधिको प्रयोग बढाउँदै लाने नीति अवलम्बन गऱ्यो। त्यसतर्फ बजेटको प्रवाह पनि उसैगरी बढायो। तर, यसको उपयोग गर्नभन्दा चरम दुरुपयोग गरेर कमाउने धन्दामा एउटा समूह उद्यत् भएर लाग्यो। जसको नेतृत्व गरेका थिए- विकल पौडेलले। उनी ०६१ ताका सामान्य करारको जागिरेका रूपमा सरकारी सेवामा प्रवेश गरेका थिए। पछि यसैमा जोडिए सुनील पौडेल पनि। पौडेल बन्धुको यो जोडीले सूचना प्रविधिमा एकछत्र साम्राज्य नै खडा गर्न पुग्यो।

पौडेल बन्धुको जगजगीबारे अहिले प्रशासन क्षेत्रमा प्रायः छलफल भइरहन्छ। काम तथा अन्य सिलसिलामा उनीहरूसँग जोडिएका प्रशासक तथा मन्त्रीहरू अहिले अनेकौं किस्सा सुनाउँछन्। राजनीतिक र प्रशासनिक 'सेटिङ'मा विकल माहिर थिए। कर्मचारी र सचिवहरूलाई त उनी गन्दै गन्दैनथे। मन्त्रीदेखि प्रधानमन्त्रीसम्म सिधै पहुँच बनाएका उनी स्वार्थका काम सिधै माथिबाटै निर्णय गराउने सामर्थ्य राख्थे। एउटा दसी हो- ०७८ चैतमा मन्त्रिपरिषद्ले सुनीललाई टेलिकमको प्रबन्ध-निर्देशकमा गरेको नियुक्ति। राष्ट्रिय सूचना प्रविधि केन्द्रको कार्यकारी निर्देशक रहेका उनलाई टेलिकममा नियुक्ति गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले टेलिकमको प्रबन्ध-निर्देशक नियुक्तिसम्बन्धी निर्देशिका नै संशोधन गरेको थियो। जुनसुकै दल र सरकार भए पनि अनुकूलका निर्णय गराउने बल पौडेलद्वयमा थियो।

सूचना प्रविधिसम्बन्धी खरिदमा दोब्बर-तेब्बरसम्म लागत अनुमान बढाएर ठेक्का लगाइन्थे। आवश्यक नै नभएका करोडौंका योजना कमिसनकै लागि उनीहरूले सञ्चालन गरेका थिए। यो कमिसन राजनीतिक नेतृत्वदेखि प्रशासनसम्म बाँडफाँट गरिन्थ्यो। सूचना प्रविधिको ठेक्काबाट हात लागेको कमिसनको करोडौं रकम पौडेलद्वयले सिंगापुरदेखि अमेरिकासम्म पुऱ्याएका थिए। तर, यो साम्राज्य लामो समय टिकेन। उनीहरू अहिले मुद्दामाथि मुद्दा खेपिरहेका छन्। दुवैको वास अहिले जेलमा छ।

अख्तियारसहित निकायले विकलविरुद्ध आठ मुद्दा दायर गरेका छन्। उनीविरुद्ध राजस्व अनुसन्धान विभागले १४ असोज ०८१ मा विदेशी मुद्रा अपचलनमा एक अर्ब ८३ करोड जरिवाना र हुन्डी कारोबारको कसुरमा ८ असोज ०८१ मा एक करोड ४६ लाख ६६ हजार बिगो र सजाय दाबी गर्दै मुद्दा दायर गरेको थियो। त्यस्तै, ९ जेठ ०८१ मा उनीविरुद्ध ६२ करोड गैरकानुनी आर्जनको मुद्दा दायर भएको थियो। अख्तियारले सेक्युरिटी प्रिन्टिङका लागि गुणस्तरहीन उपकरण खरिद गरेको आरोपमा ३ वैशाख ०८० मा विकलसहित नौजनाविरुद्ध मुद्दा दायर गरेको थियो। यस मुद्दामा विकलविरुद्ध ६९ करोड आठ लाख ८१ हजार बिगो कायम

» पृष्ठ २ मा क्रमशः



■ **विकल पौडेल**
पूर्वकार्यकारी निर्देशक, सुरक्षण मुद्रण केन्द्र

आठ मुद्दा

मुद्दा : **सम्पत्ति शुद्धीकरण**
बिगो : **६१ करोड १३ लाख २१ हजार १५३**
मुद्दा : **विदेशी विनिमय अपचलन**
बिगो : **एक अर्ब ८३ करोड**
मुद्दा : **हुन्डी कारोबार**
बिगो : **एक करोड ४६ लाख ६६ हजार**
मुद्दा : **सार्वजनिक सम्पत्ति हानिनोक्सानी**
बिगो : **३८ करोड ६७ लाख १७ हजार ६४०**
मुद्दा : **गैरकानुनी सम्पत्ति आर्जन**
बिगो : **६२ करोड**
मुद्दा : **गैरकानुनी लाभहानि**
बिगो : **४० करोड ८५ लाख ७४ हजार**
मुद्दा : **झुट्ठा विवरण पेस गरेर सरकारी नियुक्ति**
बिगो : **१० हजार**
मुद्दा : **गैरकानुनी लाभहानि**
बिगो : **६९ करोड आठ लाख ८१ हजार**



■ **भरत थापा**
तत्कालीन मेयर, बागमती नपा

पाँच मुद्दा

मुद्दा : **गैरकानुनी सम्पत्ति आर्जन**
बिगो : **पाँच करोड ३३ लाख ५३ हजार**
मुद्दा : **सार्वजनिक सम्पत्ति हानिनोक्सानी**
बिगो : **३० करोड २९ लाख ३४ हजार**
मुद्दा : **नदीजन्य अवैध उत्खननमा वन मुद्दा**
बिगो : **एक अर्ब ४९ करोड ३९ लाख ४३ हजार**
मुद्दा : **सार्वजनिक सम्पत्ति हानिनोक्सानी**
बिगो : **५६ करोड ७१ लाख सात हजार**
मुद्दा : **राजस्व चुहावट गरी भ्रष्टाचार**
बिगो : **५८ करोड ६२ लाख १४ हजार ६५८**



■ **सुनील पौडेल**
पूर्वप्रबन्ध-निर्देशक टेलिकम

सात मुद्दा

मुद्दा : **सार्वजनिक सम्पत्ति हानिनोक्सानी**
बिगो : **२३ करोड २७ लाख ५८ हजार**
मुद्दा : **गैरकानुनी सम्पत्ति आर्जन**
बिगो : **एक करोड १९ लाख २४ हजार**
मुद्दा : **विदेशी विनिमय अपचलन**
बिगो : **७७ लाख ४५ हजार र तीन गुणा जरिवाना**
मुद्दा : **सरकारी लिखत किर्ते**
बिगो : **७० हजारसम्म**
मुद्दा : **घुस लिएको**
बिगो : **तीन करोड आठ लाख ५० हजार**
मुद्दा : **सार्वजनिक सम्पत्ति हानिनोक्सानी**
बिगो : **३३ करोड ४८ लाख १७ हजार**
मुद्दा : **गैरकानुनी लाभहानि**
बिगो : **१५ करोड ८८ लाख ५० हजार**



■ **मदनकुमार गुप्ता**
तत्कालीन नासु मालपोत

सात मुद्दा

मुद्दा : **राजस्व चुहावट**
बिगो : **दुई करोड ५० लाख**
मुद्दा : **सरकारी कागजात नष्ट**
बिगो : **५० हजारसम्म**
मुद्दा : **राजस्व चुहावट**
बिगो : **चार करोड ५८ लाख ७१ हजार**
मुद्दा : **राजस्व चुहावट**
बिगो : **७७ लाख ८६ हजार**
मुद्दा : **गैरकानुनी सम्पत्ति आर्जन**
बिगो : **१४ करोड ८१ लाख ८९ हजार**
मुद्दा : **राजस्व चुहावट गरेको**
बिगो : **१२ लाख ३७ हजार**
मुद्दा : **राजस्व चुहावट**
बिगो : **९३ लाख ६६ हजार**



■ **प्रदीप अधिकारी**
पूर्वमहानिर्देशक नागरिक उड्डयन प्राधिकरण

पाँच मुद्दा

मुद्दा : **गैरकानुनी लाभहानि**
बिगो : **आठ अर्ब ३६ करोड ७३ लाख ५५ हजार**
मुद्दा : **सार्वजनिक सम्पत्ति हानिनोक्सानी**
बिगो : **१३ करोड ५७ लाख ४६ हजार २१३**
मुद्दा : **सार्वजनिक सम्पत्ति हानिनोक्सानी**
बिगो : **४६ करोड १५ लाख ८४ हजार ४३४**
मुद्दा : **गैरकानुनी लाभहानि**
बिगो : **तीन अर्ब ६२ करोड पाँच लाख २२ हजार**
मुद्दा : आपराधिक षड्यन्त्र, आपराधिक लाभ, हुन्डी, संगठित अपराध र एकीकृत कसुर

■ दुई-दुई मुद्दा खेपिरहेकाहरू

पूर्वमन्त्री रामकुमार श्रेष्ठलाई पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा आठ अर्ब ३७ करोड भ्रष्टाचार गरेको भन्दै त्यति नै बिगोसहित प्रतिवादी बनाएको छ। यसअघि गैरकानुनी सम्पत्ति मुद्दामा उनी दोषी ठहर भइसकेका छन्। वाइडबडी खरिदमा एक अर्ब ४७ करोड १० लाख भ्रष्टाचार मुद्दामा दोषी ठहर भइसकेका पूर्वसचिव शंकरप्रसाद अधिकारीविरुद्ध हालै पोखरा विमानस्थल निर्माणमा ठेकेदारलाई कर छुट दिएर भ्रष्टाचार गरेको मुद्दा पनि लागेको छ। दूरसञ्चार प्राधिकरणका दुई पूर्वअध्यक्षहरू दिगम्बर झा र पुरुषोत्तम खनालले टेरामक्स प्रकरणमा तीन अर्ब २२ करोड भ्रष्टाचारको मुद्दा खेपिरहेका छन्। उनीहरू दुवै एमडिएमएसको परामर्श सेवा खरिदको भ्रष्टाचार मुद्दामा दोषी ठहर भइसकेका छन्।

त्यस्तै, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयका पूर्वप्रमुख सहसचिव तीर्थराज भट्टराई भिजिट भिसा ठगीमा दुई मुद्दा खेपिरहेका छन्। पशुपति क्षेत्र विकास कोषका पूर्वसदस्यसचिव डा. मिलनकुमार थापाले पनि पशुपतिघाटमा शव जलाउने विद्युतीय मेसिन खरिद गर्दा भ्रष्टाचार गरेको मुद्दा छ। त्यस्तै, पशुपतिनाथको सुनको नयाँ जलहरी फेर्दा हिनामिना भएको उनीविरुद्धको अर्को मुद्दा विशेष हुँदै सर्वोच्च पुगेको छ।

पूर्वमन्त्री खड्कासँग भेटियो एक अर्बमाथिको सम्पत्ति

धेरै सम्पत्तिको स्रोत खुलाउन सकेनन्, जेठभित्रै मुद्दा दायर गर्ने गरी अनुसन्धान तीव्र

नयाँ पत्रिका

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र राजस्व अनुसन्धान विभाग हुँदै अख्तियार दुरुपयोग अनुसन्धान आयोगको समेत छानबिन दायरामा आएका पूर्वमन्त्री तथा कांग्रेस नेता दीपक खड्कासँग एक अर्बभन्दा धेरैको सम्पत्ति भेटिएको छ। स्रोतका अनुसार उनले धेरै सम्पत्तिको स्रोत खुलाउन सकेका छैनन्।

चलनचल्तीको मूल्यअनुसार एक अर्बभन्दा धेरैको सम्पत्ति भेटिएपछि आयोगले उनको सम्पत्ति विवरणको विश्लेषण गरी बयान लिन थालेको छ। खड्कामाथि गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी कसुरमा अनुसन्धान भइरहेको छ।

सम्पत्ति शुद्धीकरण र राजस्व अनुसन्धान विभागले पनि उनको सम्पत्ति स्रोतमाथि अनुसन्धान गरिरहेका छन्। तर, पूर्वमन्त्रीको हैसियतमा उनको सम्पत्ति भ्रष्टाचार निवारण ऐनअनुसार अनुसन्धान गराए प्रभावकारी हुने निष्कर्षसहित अख्तियारले छानबिन तीव्र पारेको हो। जेठभित्रै मुद्दा दायर गर्ने गरी अनुसन्धान भइरहेको स्रोत बताउँछ। जेन-जी आन्दोलनका क्रममा खड्काको बुढानीलकण्ठस्थित घरमा ठुलो मात्रामा पैसा भेटिएको विवरण सार्वजनिक भएयता नै उनी



सरकारी निकायहरूको छानबिन दायरामा छन्। गत १५ चैतमा सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा उनलाई प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले पक्राउ गरेको थियो। उनको पक्राउ पुर्जी र म्याद थप कानुनसम्मत नदेखिएको भन्दै ३ वैशाखमा सर्वोच्च अदालतले बन्दी प्रत्यक्षीकरणको रिटमा उनलाई थुनामुक्त गर्ने आदेश दिएसँगै उनी छुटिसकेका छन्।

संखुवासभा घर भएका खड्का व्यवसायी पृष्ठभूमिका नेता हुन्। जलविद्युत्देखि होटेललगायत क्षेत्रमा उनको लगानी छ। लाजिम्पाटस्थित नेपाल स्काउटको जग्गा लिजसम्बन्धी विवादमा पनि उनी मुछिएका थिए। व्यवसायबाट कर तिरेर आर्जन गरेकोभन्दा स्रोत नखुलेको सम्पत्ति धेरै भेटिएको आयोग स्रोत बताउँछ। आयोगले आफन्त तथा सहयोगीहरूको नाममा राखेको सम्पत्तिउपर पनि छानबिन गरिरहेको छ।

अख्तियार स्रोतका अनुसार एक जापानी नागरिकको ठुलो रकम पनि उनले शक्तिको आडमा हत्याएको अनुसन्धानमा खुलेको छ। 'ती जापानिज नागरिकले धेरैतिर उजुरी गरेको, तर कतैबाट पनि अनुसन्धान नभएको देखिन्छ,' अख्तियार स्रोतले भन्यो।

खड्कासँगै पूर्वप्रधानमन्त्री शेरबहादुर देउवामाथि पनि सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले सात महिनाअघि सँगै अनुसन्धान थालेको थियो। देउवा र उनकी पत्नी आरजुविरुद्ध पक्राउ पुर्जीसमेत जारी भइसकेको छ। तर, उनीहरू विदेशमा 'भूमिगत' छन्। उनीहरूलाई नेपाल ल्याउने नेपाल प्रहरीको प्रयास सफल भएको छैन।

■ हुम्लामा मध्यराति बाढीको कहर



जुम्लाबाट **मानदत्त रावल**

हुम्लाको चंखेली गाउँपालिका- ५, नेप्काको मेला गाउँमा मंगलबार राति असिनापानीसँगै आएको भलबाढीले घरगोठ पुर्नुका साथै पशुधनको क्षति गरेको छ। बाढीले स्थानीय डाँफे आधारभूत विद्यालय भत्काएको जिल्ला प्रशासनले जनाएको छ । कक्षा ८ सम्म अध्यापन हुने यो विद्यालयमा १०५ बालबालिका अध्ययनरत छन्। प्रशासनले जारी गरेको विज्ञप्तिअनुसार स्थानीय रतनसिंह तामाङको गोठमा रहेका ४३ भेडा मरेका छन्। वडाध्यक्ष हर्कधन तामाङ र स्थानीय धनसिंह तामाङको गोठसमेत पहिरोले पुरेको छ । यसपटकको बाढीले कोदो लगाउने अधिकांश खेतीयोग्य जमिन बगाएको छ। वडाध्यक्ष तामाङले भने, 'जग्गा त तहसनहस पारेर केही बाँकी राखेको छैन, सबै सखाप भयो।' यस्तै, बाढीका कारण गाउँमा आपूर्ति हुँदै आएको खानेपानीको पाइप र ट्यांकीमा क्षति पुगेको छ। स्थानीय साना जलविद्युत् आयोजनाको संरचनामा बाढीले क्षति पुऱ्याएपछि सिंगो गाउँ अन्धकारमय बनेको छ। भौगोलिक विकटता र सञ्चार अवरोधका कारण क्षतिको पूर्ण विवरण आउन बाँकी रहेको हुम्लाका सिडिओ टेककुमार रेग्मीले बताए।

संसद्मा प्रधानमन्त्री र मन्त्री खोज्दै श्रम संस्कृति

प्लेकार्ड नै देखाएपछि मर्यादामा बस्न सभामुखको चेतावनी

काठमाडौं / प्रतिपक्षी श्रम संस्कृति पार्टीले प्रधानमन्त्री र मन्त्रीहरूको जवाफ माग्दै केही दिनदेखि गर्दै आएको संसद् अवरोधलाई बुधबार पनि निरन्तरता दिएको छ। प्रधानमन्त्री र मन्त्रीहरू संसद्मा उपस्थित भएर सांसदहरूले उठाएका प्रश्नको जवाफ नदिएको भन्दै श्रम संस्कृतिका सांसदले बुधबार पनि प्रतिनिधिसभा बैठकमै प्लेकार्ड देखाएका हुन्।

उक्त पार्टीले ४ जेठयताका हरेक बैठकमा प्लेकार्डसहित विरोध गर्दै आएको छ। अघिल्ला दुई दिनजस्तै बुधबार पनि अध्यक्ष हर्क साम्पाङसहितका सांसदहरू प्लेकार्डसहित उठेर नाराबाजी गर्दै बैठक अवरोध गरेपछि सभामुख डोलप्रसाद अर्यालले मर्यादामा बस्न चेतावनी दिएका थिए।

नियम १५(२) पालना गर्नुपर्ने, संसदीय सर्वोच्चता कायम गर्नुपर्ने, सरकार संसद्प्रति जवाफदेही बन्नैपर्ने, प्रतिपक्षीको आवाज दबाउन नपाइनेजस्ता नारा लगाएर विरोध गरेका थिए। संसदीय विभेद बन्द गर्न, बोल्ने समय बढाउन र विदेशी ऋण बन्द गर्न पनि श्रम संस्कृतिको माग छ। त्यस्तै, सुकुमवासी र गरिबलाई बाँच्न दिनुपर्ने, सहकारीपीडितलाई न्याय दिनुपर्ने, सहकारीपीडितलाई राज्यकोषबाट नभई ठगी गर्नेबाटै रकम फिर्ता गराउनुपर्ने र सरकार जवाफदेही नभए राजीनामा दिनुपर्ने माग पनि गरेको छ।

निरन्तर प्लेकार्ड देखाएर नाराबाजी गरेपछि सभामुख अर्याललेप्रतिनिधिसभा नियमावलीको नियम ३० सम्झाउँदै मर्यादामा बस्न भनेका थिए। 'हर्कराज राई (साम्पाङ)सहित श्रम संस्कृति पार्टीका

» पृष्ठ २ मा क्रमशः

निर्माणाधीन संसद् भवनको प्रतिनिधिसभा हलबाटै बजेट वाचन गर्ने तयारी

एक दिनका लागि हल तयार गर्ने र केही फिनिसिङका काम त्यसपछि सकेर असार मसान्तसम्म पूर्ण सञ्चालनमा ल्याउने योजना

संसद् सचिवालयका प्रवक्ता **एकराम गिरी** भन्छन्- निर्माण कम्पनीले बजेट वाचन गर्नका लागि संयुक्त बैठक बस्न सक्ने गरी हल उपलब्ध गराउँछौं भनेको छ। बजेट वाचन गरेपछि फेरि केही बैठक बहुउद्देश्यीय हलमै सञ्चालन हुन्छन्। त्यसपछि शीघ्र कार्यसम्पादन गरेर सम्भवतः असार मसान्तपछि प्रतिनिधिसभाको हल पूर्ण रूपमा सञ्चालनयोग्य हुने विश्वास छ।



कमलराज भट्ट / नयाँ पत्रिका

आगामी आर्थिक वर्षको बजेट सिंहदरबारस्थित पुतली बर्गैंचामा निर्माणाधीन संघीय संसद् भवनअन्तर्गत प्रतिनिधिसभाको हलबाटै वाचन गर्ने गरी तयारी भएको छ। सहरी विकास तथा भवन निर्माण विभागका अनुसार १५ जेठमा बैठक बस्ने गरी उक्त हल निर्माणको काम सकाउने कोसिस जारी छ। उक्त हल चार सय सिट क्षमताको छ।

विभागका अनुसार संघीय संसद् भवनको समग्र भौतिक प्रगति ९६ प्रतिशत सकिएको छ। प्रतिनिधिसभा हलको मात्रै भौतिक पूर्वाधारतर्फ ९९ प्रतिशत प्रगति छ भने इन्टेरियर डिजाइन प्रगति ९६ प्रतिशत छ।

विभागका प्रवक्ता रोशन श्रेष्ठले १५ गते संसद् चलाउने गरी हलको निर्माण कार्य सकाउने कोसिस भइरहेको बताए। उनले राष्ट्रिय सभाको हल पनि अन्तिम चरणमै रहेको बताए।

संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले १५ जेठमा

» पृष्ठ २ मा क्रमशः



सिंहदरबारस्थित निर्माणाधीन संघीय संसद् भवनभित्र प्रतिनिधिसभा भवनको हल तयार गरिँदै। तस्बिर : **अमुल थापा**

कस्तो बन्दै छ संसद् भवन ?

सिंहदरबारस्थित पुतली बर्गैंचाको १५१ रोपनी क्षेत्रफलमा निर्माणाधीन भवनमा आठवटा ब्लक छन् भने १२ वटा छुट्टाछुट्टै भवन छन्। जसमा चार सय सिट क्षमताको प्रतिनिधिसभा, एक सय सिट क्षमताको राष्ट्रिय सभा छ। यी दुवैका बिचमा मुख्य प्रवेशद्वार छ, जसको दाहिनेतिर राष्ट्रिय सभा र देब्रेतर्फ प्रतिनिधिसभा छ। मुख्य भवनसँगै सहायक भवन छन्। जहाँ संसदीय दलको कार्यालय, समितिको हल, दुइटा संसद् सचिवालय भवन, पुस्तकालय, संग्रहालय र चमेनागृहलगायत छन्। भिभिआइपीका लागि छुट्टै भवन, विशाल पार्किङ, सुरक्षाकर्मी बस्ने ठाउँसहित आवश्यक सबै सेवा समेटिने संरचना तयार हुँदै छ। राष्ट्रिय महत्त्व बोकेको भवनको डिजाइन स्ट्रक्चरल, आर्किटेक्चर, इलेक्ट्रिकल र स्यानिटरी पक्ष समायोजन गरेर भूकम्पीय हिसाबले समेत सुरक्षित बनाइँदै छ। राष्ट्रिय भवन संहिताअनुसार निर्माणाधीन भवनमा मौलिकता झल्काउने नेपाली शैली पनि देख्न पाइनेछ। मल्लकालीन वास्तुकलालाई प्रतिनिधित्व गर्ने गरी भवन बनिरहेको विशेष भवन निर्माण आयोजना समन्वय कार्यालयले जनाएको छ। ठेकेदार कम्पनी टुदी सेप जेभीले पाँच अर्ब ३९ करोड लागतमा भवन बनाउँदै छ।

पदमा छँदा...

पृष्ठ १ बाट क्रमशः

छ। त्यस्तै, अन्तःशुल्क स्टिकर छपाइको ठेक्कामा ३८ करोड ६७ लाख १७ हजार ६४० रुपैयाँ भ्रष्टाचार गरेको आरोपमा अख्तियारले ९ असार ०८१ मा विकलसहित नौजनाविरुद्ध सार्वजनिक सम्पत्ति हानिनोक्सानीको कसुरमा मुद्दा दायर गरेको थियो। १३ मंसिर ०८१ मा मुद्दा फैसला गर्दै विशेष अदालतले पौडेललाई आठ वर्ष कैद सजाय र जरिवाना तोकेको छ। पौडेलसहित दुईजनाबाट ६ करोड ८४ लाख ४५ हजार असुलउपर गर्नुपर्ने फैसला विशेषको छ। सुरक्षण मुद्रणसम्बन्धी उपकरण खरिदमा करिब ४१ करोड भ्रष्टाचार गरेको आरोपमा अख्तियारले ३० वैशाख ०८१ मा मा पौडेलसहितविरुद्ध दायर गरेको मुद्दा ठहर नै भएको छ। उनलाई नौ करोड ६२ लाख बिगो र दुई वर्ष कैदको फैसला भएको छ। झुटा विवरण पेस गरेर सरकारी नियुक्ति लिएको अर्को मुद्दामा ६ महिना कैद र १० हजार जरिवानाको फैसला भइसकेको छ।

हालै राजस्व अनुसन्धान विभागले नयाँ मुद्दा दायर गरेको छ। विदेशी विनिमयसम्बद्ध कसुरबाट आर्जित सम्पत्ति शुद्धीकरण गरेको आरोपमा विकलदम्पतीविरुद्ध नै विभागले मुद्दा चलायो। गत १६ वैशाखमा विभागले विकलविरुद्ध ६१ करोड १३ लाख २१ हजार १५३ रुपैयाँ बिगो दाबी गर्दै सरकारी वकिल कार्यालयमार्फत काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरेको छ। विभागले दम्पतीविरुद्ध नै विदेशी विनिमयको कसुरमा ६२ करोड ६५ लाख ९१ हजार ८९३ रुपैयाँ बिगो दाबी गर्दै १४ असोज ०८१ मा काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरेको थियो।

सुनीलविरुद्ध पनि अख्तियार र प्रहरीबाट गरी सात मुद्दा दायर भएको छ। यसमध्ये केहीको फैसला भएको छ भने केही विचाराधीन र केही पुनरावेदनको प्रक्रियामा छन्। नेसनल पेमेन्ट गेटवे खरिदमा विशेष अदालतले ७ वैशाख ०८१ मा नौ वर्ष कैदसहित २३ करोड २७ लाख ५८ हजार जरिवानाको फैसला गरिसकेको छ। अख्तियारले उनीविरुद्ध ९ वैशाख ०८१ मा गैरकानुनी सम्पत्ति आर्जन मुद्दा, २ साउन ०८१ मा विदेशी मुद्रा अपचलन मुद्दा, ४ असोज ०८१ मा प्रहरीको किर्ते मुद्दा र २४ माघ ०८१ मा घुस लेनदेन मुद्दा दायर गरेको थियो।

टेलिकमको बिलिङ प्रणालीको भ्रष्टाचारमा गत २५ जेठ ०८२ मा अख्तियारले सुनीलविरुद्ध ३३ करोड ४८ लाख १७ हजार ४३० रुपैयाँ बिगो र १० देखि १४ वर्षसम्म र अतिरिक्त तीन वर्षसम्म कैदको मागदाबीसहित मुद्दा दायर गर्‍यो। त्यसको एक महिनापछि २७ असारमा अख्तियारले उनैविरुद्ध भ्रष्टाचारको अर्को मुद्दा दायर गरेको छ। सूचना प्रविधि केन्द्रमा सफ्टवेयर खरिदको ठेक्कामा गुणस्तरहीन प्रोसेसर खरिद गरेर त्यसको भुक्तानीबापत १५ करोड ८८ लाख ५० हजार रुपैयाँ दिएपछि त्यसैलाई बिगो कायम गरेर पौडेलविरुद्ध मुद्दा दायर भयो।

कनिष्ट पदमा बसेर पनि भ्रष्टाचार मुद्दामा कीर्तिमानी बनाउनेमा पर्छन् नायब सुब्बा मदनकुमार गुप्ता। मालपोतका नासु गुप्ताले निजामती सेवामा तीन दशकको अवधि गुजारे। मालपोत कार्यालय पर्सामा छँदा उनको रवाफ देख्नेहरू जिब्रो टोक्थे। हुन पनि खरिदारबाट सरकारी सेवामा प्रवेश गरेका उनको आम्दानी र खर्चको विश्लेषण गर्दा करिब १५ करोडको स्रोत नै खुलेन। सामान्य रूपमै परिवार चलाउन पनि धौधौ हुने नासुको तलबमानमा उनले आर्जन गरेको त्यत्रो सम्पत्तिको वैधानिक स्रोत खुल्ने कुरै भएन।

गुप्ताले निजामतीमा आफ्नो सिंगो करिअर नै एउटा मालपोतबाट अर्कोमा चक्कर लगाएर बिताएका थिए। मालपोतमा भ्रष्टाचार गरेर कमाउने लत नै परेका उनले सरकारी कोषमा जम्मा गर्नुपर्ने मालपोत राजस्व सर्लक्कै हिनामिना गरेर खल्ती भरेका थिए। त्यसैबाट घरजग्गा, गाडी, व्यवसाय र बैंक खातामा करोडौंको सम्पत्ति जोडे।

गुप्ताविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ०७६ देखि मुद्दा दायर गर्न सुरु गर्‍यो। यो क्रम ०७९ को अन्तिमसम्म जारी रह्यो। यस अवधिमा अख्तियारले उनीविरुद्ध विभिन्न भ्रष्टाचारका सात मुद्दा विशेषमा दायर गर्‍यो। अख्तियारले दायर गरेको एउटा मुद्दामा सफाइ पाएका उनी बाँकी ६ मुद्दामा विशेष अदालतबाट दोषी ठहर भए। केही मुद्दा सर्वोच्चसम्म पुगेका छन्।

नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीविरुद्ध पाँच वटा मुद्दा दायर भएका छन्। नेपालको उड्डयन क्षेत्रको नियामक संस्थाको प्रमुखका रुपमा बहाल उनले गरेको हर्कत राजनीतिक र प्रशासनीक क्षेत्रमा चर्चाका विषय बन्ने गरेका छन्। प्राधिकरणको सेवामा प्रवेश गरेको दुई दशककै अवधिमा उनको रवाफ 'निर्लज्ज' तहमै थियो। शीर्ष राजनीतिक तहमा अनैतिक सम्बन्ध गाँस्न सफल भएका उनी विभागीय मन्त्री र सचिवलाई नै नगन्ने तहमा पुगेका थिए। उनीविरुद्ध दर्जनौं उजुरी अख्तियारमा पर्दा पनि राजनीतिक पहुँच र प्रभावका कारण छानविनलाई नै प्रभावित पार्दै आएका थिए।

अन्ततः पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा आठ अर्ब ३७ करोड भ्रष्टाचार भएको ठहर गर्दै अख्तियारले प्राधिकरणका महानिर्देशक अधिकारी, पाँच पूर्वमन्त्री र १० पूर्वसचिवसहित ५५ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गर्‍यो। गत २१ मंसिरमा दायर भएको यस मुद्दामा अख्तियारले अधिकारीलाई आठ अर्ब ३६ करोड ७३ लाख ५५ हजार २९७ रुपैयाँ बिगो कायम गरेको छ। त्यसको चार दिनअघि १७ गतेमात्र अख्तियारले अधिकारीलाई नै प्रमुख प्रतिवादी कायम गरेर अर्को मुद्दा दायर गरेको थियो। भक्तपुरको नलिन्चोकमा हेलिपोर्ट निर्माण प्रक्रियामा साढे १३ करोड भ्रष्टाचार गरेको कसुरमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अधिकारीसहित सातजनाविरुद्ध मुद्दा दायर गरेको थियो। गत ८ चैतमा अख्तियारले उनै अधिकारीविरुद्ध तेस्रो भ्रष्टाचार मुद्दा दायर गर्‍यो।

पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण आयोजनाको सुपरिवेक्षण परामर्शदाता नियुक्तिमा हिनामिना गरी ४६ करोड १५ लाख भ्रष्टाचार गरेको कसुरमा पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका पूर्वसचिव र प्रदीप अधिकारीसमेत क्यानका तीन पूर्वमहानिर्देशकहरूसहित २१ जनालाई प्रतिवादी कायम गरी मुद्दा दायर गरेको थियो। प्राधिकरणमा राष्ट्रिय गौरव आयोजनाका तत्कालीन आयोजना निर्देशक हुँदाको भूमिकामा अधिकारीविरुद्ध अख्तियारले मुद्दा दायर गरेको हो। पोखरा विमानस्थलमै अधिकारीविरुद्ध तेस्रो मुद्दा दायर भएको छ। यही २४ वैशाखमा अख्तियारले विमानस्थल निर्माणका क्रममा ठेकेदारलाई तीन अर्ब ६२ करोड रुपैयाँ कर छुट दिएर भ्रष्टाचार गरेको आरोपमा तत्कालीन अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीसहित १३ जनाविरुद्ध मुद्दा दायर गरेको छ। मूल सम्झौताको प्रावधानविपरित मिलेमतोमा नयाँ 'कार्यान्वयन सम्झौता' गरेर कर, महसुल र अन्य शुल्कहरू छुट दिई ठेकेदारलाई दोहोरो लाभ प्रदान गरेको भन्दै मुद्दा दायर गर्‍यो। तत्कालीन आयोजना निर्देशक हुँदा गरेको भ्रष्टाचारमा अख्तियारले अधिकारीसहित तीन जनाविरुद्ध तीन अर्ब ६२ करोड पाँच लाख २२ हजार १६० रुपैयाँ बिगो दावी गरेको छ।

अधिकारीविरुद्ध प्रहरीले पनि हालै मुद्दा दायर गरेको छ। उनको निर्देशन र मिलेमतामा प्रकाश पाठक र पाठकनिकट ताराप्रसाद खरेलले संगठित रुपमा अख्तियारका प्रमुख आयुक्त प्रेमकुमार राईलाई 'इजिएन' नामको आतंकवादी संगठनको नाम लिई पत्र, ह्वाट्सएप नम्बर तथा भिडियोमार्फत् राजीनामा नदिए ज्यानै लिनेसम्मको धम्की दिएकोमा विभिन्न पाँच कसुरमा जिल्ला प्रहरी परिसर काठमाडौंले २९ वैशाखमा मुद्दा दायर गर्‍यो। यस मुद्दामा अख्तियारले अधिकारीविरुद्ध मुलुकी अपराध संहिताबमोजिमका आपराधिक षडयन्त्र गर्न नहुने, आपराधिक लाभ लिन लगाउन नहुने, हुण्डी सम्बन्धी कारोबार गर्न नहुने कसुर र संगठित अपराध निवारण ऐन, २०७० विरुद्धको कसुर तथा सोही ऐनको एकीकृत कसुरबापतको थप सजायका पाँच कसुरमा मुद्दा दायर गरेको छ। हाल उनी पूर्पक्षका लागि थुनामा छन्। अधिकारीविरुद्ध अख्तियारले गैरकानुनी सम्पत्ति आर्जनमासमेत छानविन गरिरहेको छ। प्रहरीलेसमेत उनीउपर अकुतसम्पत्ति आर्जनतर्फ अनुसन्धानका लागि अख्तियारमा लेखी पठाउने निर्णय गरेर पत्र पठाइसकेको छ। नागरिक उड्डयन प्राधिकरणजस्तो संस्थाको प्रमुख कार्यकारी जिम्मेवारी पदमा कार्यरत् रहँदा भ्रष्टाचार गरेर आर्जन गरेको सम्पत्तिमध्ये दुई करोड बराबरको रकम विदेशी मुद्रा पेसो (फिलिपिन्सको मुद्रा) प्रकाश पाठकलाई हुण्डीमार्फत पेस्कीस्वरुप पठाएको अनुसन्धानबाट खुलेको भन्दै प्रहरीले राष्ट्रसेवक रहेका अधिकारीको अकुत सम्पत्ति आर्जतमा अनुसन्धानका लागि अख्तियारमा पठाएको हो।

पदमा हुँदा अत्यधिक भ्रष्टाचार गरेर धेरै मुद्दा खेप्नेमा सर्लाहीको बागमती नगरपालिकाका मेयर भरत थापा पनि छन्। उनीविरुद्ध पाँच मुद्दा दायर भएका छन्। बागमती नगरपालिकामा दोहोर्‍याएर मेयर भएका उनीमाथि एउटा वन मुद्दा र चारवटा भ्रष्टाचार मुद्दा छन्।

स्रोत नखुलेको गैरकानुनी सम्पत्ति आर्जनको आरोपमा अख्तियारले थापाविरुद्ध २८ चैत ०८० मा विशेष अदालतमा मुद्दा दायर गरेको थियो। यस मुद्दामा उनीविरुद्ध पाँच करोड ३३ लाख ५३ हजारबराबरको गैरकानुनी सम्पत्ति आर्जन गरेको आरोप छ। यसको दुई महिनापछि २९ जेठ ०८१ मा उनलाई नै प्रमुख प्रतिवादी कायम गरेर अख्तियारले अर्को भ्रष्टाचार मुद्दा दायर गर्‍यो। संघीय सरकारको स्वीकृतिविना र कानुनविपरीत वन क्षेत्रमा माछापोखरी बनाउने भनेर परियोजना अघि बढाई त्यसबाट ढुंगा, गिटी, बालुवाको उत्खनन तथा बिक्री गरेर हानिनोक्सानी गरी ३० करोड २९ लाख ३४ हजार ८९७ रुपैयाँ हिनामिना गरेकामा त्यति नै बिगो कायम गरेर अख्तियारले उनीविरुद्ध मुद्दा दायर गरेको थियो। यी दुवै मुद्दामा उनीविरुद्धको कसुर ठहर भएको छ। गत २१ साउनमा कसुर ठहर गर्दै विशेषले उनलाई हानिनोक्सानी मुद्दामा आठ वर्ष कैद र १० करोड नौ लाख ७८ हजार २९९ रुपैयाँ जरिवाना तोकेको छ। गैरकानुनी सम्पत्तिको मुद्दामा पनि आंशिक ठहर गरिदिएको छ। साढे तीन करोडको स्रोत नखुलेकोमा त्यसैलाई बिगो कायम गरेर एक वर्ष कैद र बिगोबमोजिम जरिवाना हुने ठहर विशेषले गत साउनमा गरेको थियो।

भरत ताल निर्माण गर्दा ५६ करोड ७१ लाख रुपैयाँ सरकारी अनुदान हिनामिना गरेको अर्को मुद्दामा पनि थापा प्रतिवादी छन्। विनाअनुमति राष्ट्रिय वन क्षेत्रमा तीनै तहका सरकारबाट अनुदान लगेर पोखरी निर्माण गरेको र त्यसलाई फरक प्रयोजनमा उपयोग गरेको आरोपसहित त्यसमा संलग्न थापासहित आठजनालाई अख्तियारले प्रतिवादी कायम गरेर ४ जेठ ०८२ मा मुद्दा दायर गरेको थियो। थापाविरुद्ध वन मुद्दा पनि अदालतमा विचाराधीन छ। वनसम्बन्धी कसुर गरेको आरोपमा वन तथा वातावरण मन्त्रालयले गत ११ जेठमा सर्लाही जिल्ला अदालतमा मुद्दा दायर गरेको थियो। वन अतिक्रमण, ताल निर्माण, ढुंगा, गिटी, बालुवा, माटो उत्खनन गरी हानिनोक्सानी गरेको कसुरमा थापासहित ६ जनाविरुद्ध वन ऐनबमोजिम मुद्दा दायर भएको हो। अवैध उत्खनन गरी बिक्री गरेको नदीजन्य पदार्थको कुल मूल्य एक अर्ब ४९ करोड ३९ लाख बिगो छ। मुद्दामा दुई वर्षसम्म कैद वा बिगोको दोब्बर जरिवाना वा दुवै कायम गरिएको छ। यी दुवै मुद्दा अहिले अदालतमा विचाराधीन छन्।

थापाविरुद्ध अख्तियारले २८ माघ ०८२ मा अर्को भ्रष्टाचार मुद्दा दायर गर्‍यो। यो मुद्दामा उनीसहित १३ प्रतिवादी छन्। मुद्दामा थापाविरुद्ध ५८ करोड ६२ लाख १४ हजार ६५८ रुपैयाँ बिगो दाबी छ। सागरनाथ वन विकास परियोजनाअन्तर्गत पर्ने हाल भरत तालका रूपमा विकास गरिएको बागमती माछा पोखरी निर्माण गरी पोखरीबाट वन पैदावर उत्खनन गरेर प्रयोग तथा बिक्री-वितरण गरिएको अख्तियारको दाबी छ। त्यसक्रममा भ्रष्टाचार भएको अख्तियारको आरोपपत्रमा उल्लेख छ। सात करोड ३८ लाख ९३ हजार ५०८ क्युफिट वन पैदावरको रोयल्टी/राजस्व रकम एक-आपसमा मिलेमतो गरी दुरुपयोग गरेर भ्रष्टाचार गरेको ठहर गर्दै अख्तियारले त्यसैको मूल्य निकालेर मुद्दा दायर गरेको हो।

पूर्वमन्त्री रामकुमार श्रेष्ठविरुद्ध पनि अख्तियारले दुई मुद्दा दायर गरेको छ। पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण प्रक्रियामा आठ अर्ब ३७ करोड भ्रष्टाचार भएको दाबीसहित अख्तियारले दायर गरेको मुद्दामा त्यति नै बिगोसहित श्रेष्ठ पनि प्रतिवादी छन्। उनी यसअघि गैरकानुनी सम्पत्ति आर्जनमा अदालतबाट ठहर भइसकेका छन्। गत ८ असोज ०८० मा विशेष अदालतले उनलाई ९८ लाख २९ हजार रुपैयाँ गैरकानुनी रूपमा आर्जन गरेको ठहर गर्दै ६ महिना कैद सजायको फैसला गरेको छ। चार करोड ४५ लाख गैरकानुनी सम्पत्ति आर्जनको अभियोगमा उनीविरुद्ध १५ फागुन ०७८ मा मुद्दा दायर भएको थियो। नेपाल सरकारको सचिवबाट अवकाश भएका उनी ०६९ मा खिलराज रेग्मी नेतृत्वको अन्तरिम सरकारमा मन्त्री बनेका थिए।

पूर्वसचिव शंकर प्रसाद अधिकारीविरुद्ध दुई मुद्दा दायर भएको छ। त्यसमध्ये एउटामा उनी दोषी ठहर भइसकेका छन्। नेपाल वायुसेवा निगम वाइडबडी विमान गर्दा एक अर्ब ४७ करोड १० लाख भ्रष्टाचार भएको विशेष अदालतले ठहर गरेको हो। ३२ प्रतिवादी रहेकोमा ११ दोषी ठहर भएका छन् भने अन्यले सफाइ पाएका छन्। २२ चैत ०८० मा अख्तियारले यस प्रकरणमा मुद्दा दायर गरेको थियो। ०८१ मंसिरमा विशेष अदालतले गरेको फैसलामा तत्कालीन पर्यटन सचिव अधिकारीलाई डेढ वर्ष कैद र १२ करोड २५ लाख जरिवाना गरेको छ। पुनरावेदन गएको यो मुद्दा अहिले सर्वोच्चमा छ। पोखरा अन्तर्राष्ट्रिय क्षेत्रीय विमानस्थल निर्माणका क्रममा ठेकेदार कम्पनीलाई सम्झौता र कानुनविपरित तीन अर्ब ६२ करोड कर छुट दिएर भ्रष्टाचार गरेसम्बन्धीको मुद्दामा पनि अधिकारी प्रतिवादी छन्। मूल सम्झौताको प्रावधानविपरीत मिलेमतोमा नयाँ 'कार्यान्वयन सम्झौता' गरेर कर, महसुल र अन्य शुल्कहरू छुट दिई ठेकेदारलाई दोहोरो लाभ प्रदान गरेको आरोपमा अख्तियारले अधिकारीसहित १३ जनाविरुद्ध २४ वैशाख ०८३ मा मुद्दा दायर गर्‍यो। यस मुद्दामा तत्कालीन अर्थसचिवका रुपमा अधिकारी र पर्यटन सचिव महेश्वर न्यौपानेविरुद्ध संयुक्त रूपमा ३ अर्ब ६२ करोड पाँच लाख २२ हजार १६० रुपैयाँ बिगो र रिसवत लिए/दिएकामा १० देखि १४ वर्षसम्म कैद तथा उच्च पदाधिकारी सचिवका रूपमा थप तीन वर्ष सजाय मागदाबी अख्तियारले गरेको छ।

नेपाल दूरसञ्चार प्राधिकरणका दुई पूर्वअध्यक्षहरू दिगम्बर झा र पुरुषोत्तम खनालले दुई-दुई मुद्दा झेलिरहेका छन्। प्राधिकरणको टेलिकम्युनिकेसन ट्राफिक मोनिटरिङ एन्ड फ्रड कन्ट्रोल सिस्टम (टेरामक्स) खरिद प्रक्रियामा करिब तीन अर्ब २२ करोड रुपैयाँबराबर भ्रष्टाचार भएको आरोपमा पूर्वसञ्चारमन्त्री मोहनबहादुर बस्नेतसहित १६ विरुद्ध १ जेठ ०८२ मा अख्तियारले मुद्दा दायर गरेको थियो। यस मुद्दामा झा र खनाललाई प्रतिवादी कायम गरेर हिनामिना भएको रकमबराबर बिगो दाबी गरेको छ।

झा र खनाल दुवै भ्रष्टाचार मुद्दामा दोषी ठहर भइसकेका पूर्वपदाधिकारी हुन्। मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडिएमएस)को परामर्श सेवा खरिदमा भएको भ्रष्टाचारको मुद्दामा विशेषबाट उनीहरू दोषी ठहर भएका हुन्। दुवैलाई एक वर्ष एक महिना कैद र पाँच करोड ८० लाख १४ हजार ८२८ रुपैयाँका दरले जरिवाना भएको छ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयका प्रमुख सहसचिव तीर्थराज भट्टराई पनि दुई मुद्दाका प्रतिवादी छन्। भिजिट भिसामा विदेश जाने युवाहरूसँग संगठित रूपमा असुली गरेर घुस-रिसवत लिएको कसुरमा अख्तियारले भट्टराईसहित सातविरुद्ध गत २५ मंसिरमा मुद्दा दायर गर्‍यो। गैरकानुनी सेटिङ गरेर यात्रुबाट घुस-रिसवत लिएर भ्रष्टाचार र सम्पत्ति शुद्धीकरणसमेत गरेको आरोप भट्टराईमाथि छ। उनीविरुद्ध घुस-रिसवतको कसुरमा ७९ लाख ८० हजार र सम्पत्ति शुद्धीकरणमा एक करोड तीन लाख ७९ हजार ६ सय बिगो कायम छ।

पशुपति क्षेत्र विकास कोषका सदस्यसचिव डा. मिलनकुमार थापाविरुद्ध पनि दुई मुद्दा छन्। पशुपतिघाटमा शव जलाउने विद्युतीय शवदाह मेसिन खरिद गर्दा १० करोड ३४ लाख रुपैयाँ भ्रष्टाचार गरेको ठहर गर्दै अख्तियारले विशेष अदालतमा उनीविरुद्ध मुद्दा दायर गरेको छ। डा. थापा र परामर्शदाता तथा ठेकेदारसमेत गरी १४ प्रतिवादी कामय गरेको छ।

थापाविरुद्ध भ्रष्टाचारकै अर्को मुद्दा पनि सर्वोच्चमा विचाराधीन छ। पशुपतिनाथ मन्दिरको गर्भगृहमा सुनको नयाँ जलहरी फेर्दा एक करोड १७ लाख हिनामिना भएको आरोपमा उनीसहित तीनविरुद्ध १४ असोज ०८० मा दायर भएको थियो। तर, विशेषले १८ वैशाख ०८१ मा सबै प्रतिवादीलाई सफाइ दिने फैसला गरिदियो। विशेषको फैसलामा अख्तियार ९ फागुन ०८२ मा सर्वोच्चमा पुनरावेदन गएको छ।

घर जग्गा बिक्री बारे सुचना

प्रथम पटक प्रकाशित मिति : २०८३/०१/२२
दोस्रो पटक प्रकाशित मिति : २०८३/०२/०७

यस बैंकले प्रथम पटक मिति २०८३ वैशाख २२ गते नयाँ पत्रिका दैनिकमा घर जग्गा बिक्री बारे सुचना भन्ने शिर्षकमा यस बैंकको आफ्नो स्वामित्वमा रहेको तपसिलमा उल्लेखित घर-जग्गा जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरिद गर्न इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाबाट शिलबन्दी प्रस्ताव आव्हान गरि मिति २०८३ जेष्ठ ०५ गते सम्म बोलपत्र बुझाउनु भनेकोमा, शिलबन्दी बोलपत्र बुझाउने समय मिति २०८२ जेष्ठ १२ गते (तदनुसार 26th May, 2026) दिनको ४:०० बजे सम्मको लागी म्याद थप गरिएको सुचना जानकारी गराउँदछौं।

तपसिल

जिल्ला	स्थान	कित्ता नं.	क्षेत्रफल
काठमाडौं	काठमाडौं म.न.पा. ०४, सुकेधारा	११	१८६.७८ वर्ग मि (०-५-३-२ रोपनी)

शिलबन्दी बोलपत्र बुझाउँदा चाहिने सम्पुर्ण कागजातहरु घर जग्गा बिक्री गर्ने सम्बन्धी प्रस्ताव फारममा उल्लेखित छन्। ईच्छुक घरधनीहरुले सो प्रस्ताव फारम, बैंकको घण्टाघर, काठमाडौं स्थीत प्रशासन विभागबाट निःशुल्क प्राप्त गर्न सक्नुहुनेछ वा बैंकको website: www.nabilbank.com बाट डाउनलोड पनि गर्न सक्नु हुनेछ। साथै बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको घण्टाघर, काठमाण्डौ स्थीत प्रशासन विभागमा, कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।

NABIL BANK®
प्रशासन विभाग, कमलादी, घण्टाघर, काठमाण्डौ फोन नं. ०१-५९७१८७१

सर्टिफिकेट हरायो

मिति २०८२/०८/१७ गते काठमाडौं देखी अर्घाखाँचीसम्म जाने क्रममा तपसिल बमोजिमको मेरो निम्न व्यहोराको स्नातक तहको माइग्रेसन सर्टिफिकेट यात्राका क्रममा हराएको हुँदा पाउनु हुनेमहानुभावले निजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरीदिनुहुन अनुरोध छ।

Name: Niru Mahotra
Reg. No: 090-6-2-04385-2015
Symbol no : 640625
Mob No: 9842385568

कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा राखिनेबारे
कृषि विकास बैंक लि. लुम्बिनी प्रदेश कार्यालय भैरहवा, रूपन्देहीको ३५ दिने सूचना

(सूचना प्रकाशन मिति : २०८३।०२।०७ गते)

यस बैंकबाट तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिएबमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउने बारेको २१ (एक्काइस) दिने सूचना पत्रपत्रिकामा प्रकाशन गरी ताकेता गर्दा पनि आलटाल गरी बुझाउनुपर्ने कर्जाको साँवा, व्याजलगायतका रकमसमेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र बुझाउन यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा नेपाल राष्ट्र बैंकबाट जारी कालोसूचीसम्बन्धी निर्देशन र कृषि विकास बैंक लि.को प्रचलित कर्जा असुली कार्यबिधि बमोजिम ऋणी व्यक्ति/फर्म/कम्पनी र सोको प्रोप्राइटर/साझेदार/सञ्चालकहरू तथा बैंकबाट कर्जा लिन धितो मञ्जूरीनामा/व्यक्तिगत जमानतदिनेहरू समेतलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरी अन्य आवश्यक कानूनी कारबाही अगाडि बढाइने व्यहोरासमेत यसै सूचनाद्वारा जानकारी गराइएको छ।

सम्बन्धित कार्यालय : चन्द्रौटा शाखा, जिल्लाः कपिलवस्तु

तपसिल

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	उद्देश्य	साँवा रकम रू.	मिति २०८३।१।३१ सम्मको व्याज	जम्मा तिर्नुपर्ने रकम
१.	नन्दकली बाख्रापालन फर्म प्रो. नन्दकली लामिछाने	शिवराज ५ पूर्वरहटकोल कपिलवस्तु	व्यावसायिक कृषि तथा पशुपंक्षी कर्जा	४,४१,५३४.८५	८९,०७६.८२	५,३०,६११.६७

फर्मको दर्ता नं. ७० **दर्ता भएको कार्यालयः** शिवराज नगरपालिका **दर्ता मितिः** २०७७/०३/०२ **पान नं.** ६१३०५०१४०

प्रोप्राईटर/साझेदार/संचालकहरूको नामः

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु/पति	बाजे/ससुरा
नन्दकली लामिछाने	शिवराज ५, कपिलवस्तु	६६-०१-६९-०२७९४	बाँके २०७६९/०४/१६	ज्ञानेन्द्र लामीछाने	चक्रमणि लामिछाने

धितो मन्जुरीदिने/जमानतदिनेहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु/पति	बाजे/ससुरा
ज्ञानेन्द्र लामिछाने	सिद्धेश्वरी ०९, सल्यान	१/२१/३२६५५/१५७	सल्यान २०६२/०१/१८	चक्रमणि लामिछाने	राम प्रसाद लामीछाने
सरिता राना	शिवपुर ०५, कपिलवस्तु	३८०२०६८०६३१५	कपिलवस्तु २०६८/०४/१५	मान बहादुर राना	लिलामणि राना
निर्मला लामिछाने	सिद्धेश्वरी ०९, सल्यान	५५१०२१-६९३९	सल्यान २०३६-०१-१६	चक्रमणि लामिछाने	राम प्रसाद लामीछाने

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	उद्देश्य	साँवा रकम रू.	मिति २०८३।१।३१ सम्मको व्याज	जम्मा तिर्नुपर्ने रकम
२.	शिवा मिलन किराना पसल प्रो.सरिता बाहुन जैसी	शिवराज ५ पूर्वरहटकोल कपिलवस्तु	महिला उद्यमशिल कर्जा	३,५४,२९०.०३	६१,९४२.८३	४,१६,२३२.८६

फर्मको दर्ता नं. १०१४४ **दर्ता भएको कार्यालयः** घरेलु तथा साना उद्योग कार्यालय, कपिलवस्तु, **दर्ता मितिः** २०७६/०९/०६ पान नं. ६१२६९२८५७

प्रोप्राईटर/साझेदार/संचालकहरूको नामः

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु/पति	बाजे/ससुरा
सरिता बाहुन जैसी	शिवराज ५, कपिलवस्तु	३२५२	बाँके, २०६३/०८/२६	हेमलाल बाहुन जैसी	कासीराम बाहुन

धितो मन्जुरीदिने/जमानतदिनेहरूको नाम

नाम	ठेगाना	नागरीकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु/पति	बाजे/ससुरा
गोविन्द प्रसाद पाण्डे जैसी	शिवराज ५ पूर्वरहटकोल कपिलवस्तु	३८-०२-७५-०२७०२	कपिलवस्तु, २०७५/०७/२९	हेमलाल बाहुन जैसी	कासीराम बाहुन
सरिता राना	शिवपुर ०५, कपिलवस्तु	३८०२०६८०६३१५	कपिलवस्तु २०६८/०४/१५	मान बहादुर राना	लिलामणि राना

कृषि विकास बैंक लि.
लुम्बिनी प्रदेश कार्यालय
भैरहवा

निर्माणाधीन...

पृष्ठ १ बाट क्रमशः

बजेट प्रस्तुत हुने गरी एक दिनका लागि संयुक्त बैठक बस्न मिल्ने गरी हल उपलब्ध गराउने जानकारी निर्माण पक्षबाट आएको बताए। १ असोज ०७६ मा तत्कालीन प्रधानमन्त्री केपी ओलीले तीन वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी शिलान्यास गरेको संसद् भवन सात वर्ष बितिसक्दा पनि निर्माण पूरा हुन सकेको छैन। जेन-जी आन्दोलनमा बानेश्वरस्थित संसद् भवन आगजनी भएपछि अहिले संसद् सचिवालयसँग सदन सञ्चालन गर्न भवन छैन। समयमै नयाँ भवन निर्माण नहुँदा अस्थायी रूपमा काम चलाउनुपरेको छ। हाल प्रतिनिधिसभा बैठक निर्माणाधीन भवनको बहुउद्देश्यीय हलमा अस्थायी रूपमा र राष्ट्रिय सभा बैठक संसद् सचिवालयपरिसरमा रहेको कृषि समितिको हल मोडिफाई गरेर सञ्चालन भइरहेको छ।

प्रवक्ता गिरीका अनुसार हाल हलको साउन्ड प्रुफ, सिट व्यवस्थापन, रोस्टमलगायत अगाडिको आवश्यक तयारी, इलेक्ट्रिसिटी र अन्य आवश्यक फर्निसिङ तथा फिनिसिङको काम भइरहेको छ। यसैगरी, अडियो सिस्टमको जडान र परीक्षणको कार्य भइरहेको छ। प्रतिनिधिसभाको नयाँ हलमा अब सबै सांसदलाई सिटमै आइप्याड सुविधा हुनेछ। गिरीले अहिले नै हल पूर्ण निर्माण हुने अवस्था नरहेको र संयुक्त बैठकपछि शीघ्र सम्पादन गर्ने जानकारी आएको बताए।

प्रतिनिधिसभाको नयाँ हल आधुनिकता, नेपाली वास्तुकला शैली, पछिल्लो प्रविधिको प्रयोग भएको सुविधासम्पन्न नेपाली परम्परा र शैली झल्किने रहेको प्रवक्ता गिरीले बताए। 'अर्को यो संसद्को आफ्नै भवन हो। योभन्दा अगाडि ग्यालरी बैठक पनि अन्य प्रयोजनका लागि बनेकामा पछि संसद् बस्यो। पछि अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र अन्य प्रयोजनलाई भएकामा संसद् बस्यो,' उनले भने।

प्रवक्ता गिरीले हल तयारी हुँदैगर्दा संसद् सचिवालयले बजेट वाचनको संयुक्त बैठकको तयारी थालेको बताए। सचिवालयले सिट व्यवस्थापन प्रचलित अभ्यासअनुसारै गर्नेछ। सत्तापक्ष दायाँतर्फ, सरकार बिचमा र विपक्षी बायाँतर्फ रोमा राख्ने गरी सिट व्यवस्थापन हुनेछ। 'दुवै सभाको संयुक्त बैठक हुँदा दलगत राख्ने प्रचलन छ। दर्शक, पत्रकार, आमन्त्रण गरेका पाहुनालाई अलग्गै व्यवस्था गर्छौं,' प्रवक्ता गिरीले भने, 'साथै, सभामुख र अध्यक्ष कताबाट जाने, हाजिरी कुन-कुन ठाउँमा राख्ने, सुरक्षा र इलेक्ट्रिसिटी व्यवस्थापन एवं विकल्प र सभा सञ्चालनको डेमो पनि गर्छौं।' प्रवक्ता गिरीले केही दिनअगावै हल प्राप्त भए तयारीमा सहजता हुने पनि बताए। 'अलिकति अगाडि उपलब्ध हुँदा सहज हुन्छ,' उनले भने।

संसद्मा...

पृष्ठ १ बाट क्रमशः

सदस्यहरूले नियमित रूपमा सभाको मर्यादाविपरीत संसद्मा प्लेकार्ड देखाउने, अभद्र व्यवहार देखाउने गरेकाले प्रतिनिधिसभा नियमावली नियम ३० बमोजिम आफ्नो क्रियाकलाप तथा व्यवहार सच्याउन चेतावनी दिन्छु,' उनले भनेका थिए। तर, सभामुखको चेतावनीलाई श्रम संस्कृतिका अध्यक्षसमेत रहेका सांसद साम्पाङले प्रतिवाद गरेका थिए। उनले सवाल राखेका थिए, 'हामीले सभामुखको चेतावनी सुन्यौं, यहाँले नियम १५(२) पालना गराउनुहुन्छ कि हुन्न जान्न चाहन्छौं।' प्रतिनिधिसभा नियमावलीको नियम १५(२) मा आकस्मिक, शून्य र विशेष समयमा उठेका विषयको जवाफ सम्बन्धित मन्त्रीले सात दिनभित्र सदनमा दिनुपर्ने व्यवस्था छ।

साम्पाङले मन्त्रीले उत्तर नदिनु मर्यादा हो कि होइन भनेर पनि सोधे। 'हामीले महिना पहिलादेखि उठाएका प्रश्नको उत्तर सम्बन्धित मन्त्रीले दिनुपर्छ भन्ने नियमावलीमा व्यवस्था छ। सरकारको पक्षबाट मन्त्रीहरू उपस्थित नहुनु, हामीले उठाएको प्रश्नको उत्तर नपाउनुले संसद्को मर्यादा गरिमा रहन्छ ? कायम भएको छ ?' उनले प्रतिप्रश्न गरेका थिए। साम्पाङले सरकार सदनप्रति जवाफदेही हुनैपर्ने भन्दै सभामुखबाट रुलिङको माग गरे। 'नियम १५(२) लागू भएन। त्यसैले यहाँले कडा रुलिङ गरेर सरकारका मन्त्री आउने व्यवस्था गरियोस्। कर्तव्यबाट मन्त्रीहरू भाग्न मिल्दैन। संसदीय मर्यादाअन्तर्गत प्रधानमन्त्री र मन्त्री बोलाइयोस्,' उनले भने, 'सम्बोधन नभएसम्म पर्चा देखाइरहन्छौं, आन्दोलन गरिरहन्छौं, प्रदर्शन गरिरहन्छौं।'

सभामुख अर्यालले २८ वैशाखबाट संसद् सुरु भएको र बुधबार सातौं दिन पुगेको स्मरण गराए। 'वैशाख २८ गते सदन सुरु गर्‍यौं, आज ६ गते सातौं दिन हो। आजै केही मन्त्रीले शून्य, विशेष, आकस्मिक समयमा उठेका प्रश्नको जवाफ दिने कार्यक्रम छ,' उनले भने। सभामुखको जवाफपछि श्रम संस्कृतिका सांसदहरू बसे। सदनको कारबाही अघि बढ्यो। आकस्मिक र शून्य समय चल्यो। सभामुख अर्यालले सञ्चारमन्त्री विक्रम तिमिल्सिनालाई आकस्मिक, शून्य र विशेष समयमा उठेका जिज्ञासाको जवाफका लागि रोस्टममा बोलाए। तिमिल्सिनाले आफ्नो मन्त्रालयसँग सम्बन्धित भएर उठेका जिज्ञासाको जवाफ सदनलाई दिए।

स्वास्थ्य बिमा कार्यक्रमप्रति सरकारी अस्पताल नै छैनन् सन्तुष्ट

बिमा बोर्डले अनावश्यक दुःख दिएको गुनासो

शिवहरि घिमिरे / नयाँ पत्रिका

स्वास्थ्य बिमा कार्यक्रमलाई लिएर सरकारी अस्पतालहरूले स्वास्थ्य मन्त्रालय र स्वास्थ्य बिमा बोर्डप्रति असन्तुष्टि जनाएका छन्। बोर्डले सरकारी अस्पताललाई स्वास्थ्य बिमाको दाबी भुक्तानी गर्दा अनावश्यक शंका-उपशंका गरेको र बिमाको भुक्तानी नदिएको भन्दै अस्पतालहरूले असन्तुष्टि पोखेका हुन्।

त्रिवि शिक्षण अस्पताल, मनमोहन कार्डियोथोरेसिक भास्कुलर एन्ड ट्रान्सप्लान्ट सेन्टर र सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रले १ माघदेखि स्वास्थ्य बिमा कार्यक्रम नै रोकेका छन्। सरकारी अस्पतालहरूले दाबी गरेको भुक्तानीमा बोर्डले आशंका गरेको र लामो समयदेखि भुक्तानी नै नगरेको भन्दै उनीहरूले सेवा नै रोकिरहेका हुन्।

बुधबार स्वास्थ्य मन्त्रालयका अधिकारी, स्वास्थ्य बिमा बोर्ड, सत्तापक्ष दल, सांसद र सरकारी अस्पतालहरूका प्रमुखहरूबिच स्वास्थ्य बिमाको पुनर्संरचना र व्यवस्थापनका सम्बन्धमा छलफल चलाइएको थियो। पाटन अस्पताल, वीर अस्पताल, प्रसूतिगृह, राष्ट्रिय ट्रमा सेन्टर, कान्ति बाल अस्पताल, धुलिखेल अस्पताल, मनमोहन कार्डियोथोरेसिक भास्कुलर एन्ड ट्रान्सप्लान्ट सेन्टर, सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रलगायतका प्रमुख तथा प्रतिनिधि उपस्थित थिए। उनीहरूले सरकारी अस्पतालले स्वास्थ्य बिमा सेवा प्रवाह गर्दा आफूहरूलाई टाउको दुखाइको विषय बनेको बताएका थिए।

'स्वास्थ्य बिमा वास्तवमा डाक्टरको टाउको दुखाइ बनेको छ। सिस्टममा समस्या आयो, बिरामीको भुक्तानी भएन भने शल्यक्रियामा संलग्न डाक्टरले नै त्यसको तनाव लिनुपर्ने अवस्था छ,' वीर अस्पतालका युरोलोजी विभाग प्रमुख डा. रविन बस्नेतले भने, 'स्वास्थ्य बिमाको टाउको दुखाइ डाक्टरलाई हुनु दुर्भाग्य हो, डाक्टरले त उपचार पो गर्ने हो, तर बिमाको सिस्टम चलेन भने वा बिमाको कागजात पुगेन भने डाक्टरले तनाव लिनुपर्ने अवस्था छ, यसको अन्त्य होस्। स्वास्थ्य बिमालाई चलाउने हो भने यसलाई सबैतिरबाट व्यवस्थित बनाउनुपर्छ, अहिले बिमामा समस्यै-समस्या देखिन्छन्।'

हाल त्रिवि शिक्षण अस्पतालले स्वास्थ्य बिमा कार्यक्रम बन्द गर्दा वीर अस्पतालमा बिरामीको घुइँचो लाग्ने गरेको छ। वीरमा दैनिक चार हजार पाँच सय बिरामी ओपिडी सेवा लिन आउँछन्। सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रका डा. रवि मल्लले बिमाको सिस्टमले मात्रै नभएर अन्य हिसाबमा पनि द्विविधा रहेको औंल्याए। 'बिरामी विपन्न हुँ भनेर आउँदा सिफारिस मात्रै होइन अन्य प्रमाण चाहिन्छ। बिमाको उपचारमा निकै विकृति छ, सरकारी अस्पतालमा उपचार गराउँदा पैसा नभएको



● प्राडा प्रभा चापागाईं
निमित्त कार्यकारी निर्देशक, वीर अस्पताल



सामान्य समस्या भए पनि एमआरआई गर्नुपर्छ भनेर बिरामी आउनुहुन्छ, तर एमआरआईमा कडाइ गर्नुपर्छ। हामीले कुन अवस्थाको बिरामीको एमआरआई गर्ने र कुन अवस्थाको नगर्ने भनेर गाइडलाइन बनाउनुपर्छ।

● शकुन्तला प्रजापति
कार्यकारी निर्देशक, स्वास्थ्य बिमा बोर्ड



बिमामा हामी एक ठाउँमा मात्रै चुकेका छैनौं, धेरै नै समस्या छन्। अर्थले पैसा दियो भने समस्या समाधान हुन्छ। हाल बिमाको करिब १५ अर्ब भुक्तानी बाँकी छ। अस्पतालहरूले रकम माग गरिरहेका छन्, तर भुक्तानी गर्न सकिरहेका छैनौं।

भनेर रोइकराइ गर्ने बिरामी महँगो शुल्क तिरेर भारतसम्म उपचार गर्न जान्छन्, तर यहाँ बिमालाई सकेसम्म प्रयोग गर्नुपर्छ भन्ने बिरामीको सोच देखिन्छ,' उनले भने, 'त्यसकारण बिमाको पैसा बिरामीको ओपिडीमा भन्दा अरू गम्भीर समस्यामा खर्च हुनुपर्छ। स्थानीय, जिल्ला र प्रादेशिक अस्पतालहरूले त्यहीं उपचार गराउन सक्ने बिरामीलाई पनि रेफर गराउनु भएन।'

मनमोहन कार्डियोथोरेसिक भास्कुलर एन्ड ट्रान्सप्लान्ट सेन्टरका डा. सूर्य देवकोटाले पनि बिरामीको रेफरल सिस्टम व्यवस्थित नभएको बताए। 'बिमामा रेफरल सिस्टम पनि मिलेको छैन। बिमा सेवा लिन आउँदा डाक्टरलाई समेत बिमाको तनाव दिने होइन, बिमामा अध्ययन गर्ने निकाय र जनशक्ति छुट्टै चाहिन्छ,' उनले भने, 'बिमामा डुब्लिकेसन बढी छ, अहिले सरकारले बिमालाई सबैतिरबाट व्यवस्थित गर्छौं भनेको छ, तर मुख्य कुरा रकम हो। स्वास्थ्यले अर्थ मन्त्रालयसँग पैसा दिने हो वा होइन भनेर कुरा गर्नुपर्छ, किनभने यसमा निकै बढी खर्च छ।'

वीर अस्पतालकी निमित्त कार्यकारी निर्देशक प्राडा प्रभा चापागाईं कोइरालाले बिमालाई बिरामीले समेत दुरुपयोग गरेकाले यसलाई रोक्नुपर्ने बताइन्। 'सामान्य समस्या भए पनि एमआरआई गर्नुपर्छ भनेर बिरामी आउनुहुन्छ, तर एमआरआईमा कडाइ गर्नुपर्छ। हामीले कुन अवस्थाको बिरामीको एमआरआई गर्ने र कुन अवस्थाको नगर्ने भनेर गाइडलाइन बनाउनुपर्छ,' उनले भनिन्, 'अन्यथा बिरामी पक्षले अनावश्यक खर्च गर्न खोज्छन्।'

त्रिवि शिक्षण अस्पतालका कार्यकारी निर्देशक डा. सुवास आचार्यले स्वास्थ्य बिमामा बोर्डले नै सरकारी अस्पताललाई शंकाको दृष्टिकोणले हेरेको बताए। 'शिक्षण अस्पतालले बिमा बन्द गर्नुको मुख्य कारण बिमा बोर्ड नै हो। बोर्डले निजी अस्पतालको दाबी स्वीकार गर्ने, तर सरकारी अस्पतालको दाबीमाथि प्रश्न उठाएर भुक्तानी गरेन। गल्ती भए कारबाही होस्, तर सरकारले सरकारी अस्पतालकै बिल स्वीकार नगर्नु राम्रो भएन,' उनले भने, 'अन्य अस्पतालहरूले पनि कुन दिन बन्द गर्ने हुन् ठेगान छैन, अस्पतालहरूले भन्न मात्रै नसकेका हुन्।' उनले आठ प्रकारका जटिल रोगको पैसासमेत सरकारबाट नआएको बताए। सरकारले बिमाबापतको ६६ करोड त्रिवि शिक्षण अस्पताललाई नदिएको उनको भनाइ छ।

राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद डा. तोसिमा कार्कीले बिमालाई व्यवस्थित गराउन यसको कानुनअनुसार सबै नागरिकलाई बिमामा अनिवार्य आबद्धता गराउने योजना सरकारको रहेको बताइन्। 'अब बिमा म्यान्डेटरी नै हुनुपर्छ, कानुनले पनि यही भनेको छ, बिमाको सुविधा लिन आउनेलाई जथाभावी एक्सरे वा रेडियसनमा बस्दा क्यान्सर हुन सक्छ भनेर अस्पतालले भन्नुपर्छ। हाल बिमामा भइरहेको समस्या समाधान गर्न यसको पुनर्संरचना हुँदै छ,' उनले भनिन्, 'अब सबै नागरिकलाई बिमामा जोड्नुपर्छ, वडाका हरेक काममा बिमा अनिवार्य गर्नुपर्छ।'

राष्ट्रिय ट्रमा सेन्टरका मेसु डा. रुद्र मरासिनीले बिमा सेवा प्रभावकारी रूपमा सञ्चालन गर्न सक्ने भए मात्रै यसमा सबैलाई अनिवार्य आबद्धता गराउनुपर्ने बताए। अन्यथा यही स्तरको सेवा दिन सबैलाई बिमामा ल्याउँदा झन् कठिन हुने उनको भनाइ छ।

स्वास्थ्यमन्त्री निशा मेहताका सल्लाहकार तथा डा. मनोहरलाल प्रधानले दश वर्षदेखि स्वास्थ्य बिमा चलिरहे पनि डाक्टर र अस्पतालहरूबाट बिमाबारे दुई क्लासको जस्तो कुरा आएको आरोप लगाए। 'बिमा लागू भएको यतिका समय भइसक्यो, तर दुई-पाँच क्लासको जस्तै कुरा यहाँ आयो, बिमाबारे क्लियर नै रहेनछ,' उनले भने, 'बिमाबारे सजग भएर काम गर्नुपर्छ, अब बिमामा नयाँ शिराबाट जान्छौं।'

स्वास्थ्य बिमा बोर्डकी कार्यकारी निर्देशक शकुन्तला प्रजापतिले बिमाको रिफरल सिस्टम व्यवस्थित बनाइने बताइन्। 'बिमामा हामी एक ठाउँमा मात्रै चुकेका छैनौं, धेरै नै समस्या छन्,' उनले भनिन्, 'अर्थले पैसा दियो भने समस्या समाधान हुन्छ।' हाल सरकारले स्वास्थ्य बिमा कार्यक्रमलाई पुनर्संरचना गर्ने नीतिसमेत ल्याएको छ। सोहीअनुसार सरोकारवालासँग छलफलसमेत चलाइएको छ।

कांग्रेसको क्रियाशील सदस्यता अद्यावधिक नगरे कारबाही

२१ जेठभित्र अनिवार्य रूपमा सदस्यता अद्यावधिक गरिसक्न सम्पूर्ण वडा कार्यसमितिलाई निर्देशन

नयाँ पत्रिका

कांग्रेसले क्रियाशील सदस्यता अद्यावधिकमा असहयोग गर्ने वडा सभापतिलाई कारबाही गर्ने चेतावनी दिएको छ। देशभरका ६ हजार ७४३ वटै वडा कार्यसमितिलाई परिपत्र गर्दै कांग्रेसले २१ जेठभित्र अनिवार्य रूपमा सदस्यता अद्यावधिक गरिसक्न निर्देशन दिएको हो।

'क्रियाशील सदस्यता अद्यावधिकको कार्यमा असहयोग गरेमा विधानबमोजिम वडा सभापतिको वैकल्पिक व्यवस्था गरिनेछ,' परिपत्रमा भनिएको छ, 'असहयोग गर्ने वडा सभापतिको विवरण पालिका कार्यसमितिले केन्द्रलाई उपलब्ध गराउनुपर्नेछ।'

पार्टीको विद्यमान सदस्यता वितरण र अभिलेखीकरण प्रणालीलाई व्यवस्थित, चुस्त र सहज बनाउन कांग्रेसले विभिन्न डिजिटल माध्यमहरूको प्रयोग गरेको छ। वडाका सभापतिहरूले पनि आफ्नो मोबाइलमा एप स्टोर र गुगल प्ले स्टोरबाट कांग्रेसको एप डाउनलोड गरेर लगइन गरी तोकिएको समय २१ जेठभित्रै क्रियाशील सदस्यता अद्यावधिकको गर्न निर्देशन दिइएको छ। अनुगमनको जिम्मेवारी पालिका कार्यसमितिलाई दिइएको छ। कांग्रेसका ७७ वटै जिल्ला कार्यसमिति र ७५३ वटै पालिका कार्यसमितिलाई परिपत्रको बोधार्थ पठाइएको छ। कांग्रेसको विधान, २०१७ (एघारौं संशोधन) तथा केन्द्रीय कार्यसमितिको गत ११ चैतको निर्णयबमोजिम पार्टीद्वारा उपलब्ध गराइएको विभिन्न प्रविधिको प्रयोग गर्दै क्रियाशील सदस्यता अद्यावधिकको कार्य देशभर उत्साहजनक रूपमा भइरहेको क्रियाशील सदस्यता व्यवस्थापन समितिका सदस्य एवं सहमहामन्त्री प्रकाश स्नेहीले बताए।

निर्वाचन ब्युरोमा १७ सदस्य मनोनयन



कांग्रेस सभापति गगन थापाले उपसभापति पुष्पा भुसाल संयोजक रहेको प्रदेश तथा स्थानीय तह निर्वाचन केन्द्रित 'कांग्रेस निर्वाचन ब्युरो'मा सदस्य मनोनयन गरेका छन्। थापाले १७ नेतालाई निर्वाचन ब्युरोको जिम्मेवारी दिएका हुन्। जसमा जीवन परियार (कास्की), ब्युरोलाई पार्टीको देशव्यापी निर्वाचन डाटाबेस निर्माण गर्ने, निर्वाचन तयारीलाई तथ्यांक आधारित र वैज्ञानिक बनाउने, ७५३ स्थानीय तह, ६ हजार ७४३ वडा र सात प्रदेशस्तरमा विस्तृत निर्वाचन योजना तयार गर्ने कार्यादेश दिइएको छ।

ब्युरोले मतदाता र वस्तुस्थिति विश्लेषण गरी उम्मेदवार छनोट प्रणाली वैज्ञानिक र तथ्यपरक बनाउने, स्पष्ट र प्रभावकारी निर्वाचन रणनीति तय गर्ने, पार्टीको निर्वाचन अभियानलाई आधुनिक राजनीतिक अभियान संरचनामा रूपान्तरण गर्नेछ।

इतर पक्षले भने १५औं महाधिवेशनका लागि यसअघि नै सदस्यता नवीकरण भइसकेकाले सोही प्रयोजनका लागि पुनः सदस्यता अद्यावधिक गर्नु बदनियतपूर्ण भएको आरोप लगाएको छ।

संक्षेप

एमालेका केन्द्रीय सदस्यलाई पालिकाको जिम्मेवारी प्रस्ताव

काठमाडौं / एमालेले सबै केन्द्रीय सदस्यलाई पालिका इन्चार्जको जिम्मेवारीमा खटाउने गरी कार्यविभाजन गर्ने भएको छ। केन्द्रीय सचिवालयको पछिल्लो बैठकमा अध्यक्ष केपी ओलीले पदाधिकारीसहित केन्द्रीय सदस्यहरूको कार्यविभाजनसम्बन्धी प्रस्ताव छलफलका लागि राखेका छन्। जसअनुसार सबै केन्द्रीय सदस्यलाई आगामी स्थानीय तहको निर्वाचनसम्म पालिकाको जिम्मेवारीमा खटाउने गरी ओलीले प्रस्ताव तयार पारेका हुन्। तर, प्रस्तावमाथि छलफल भने भइसकेको छैन। शुक्रबार बस्ने बैठकमा कार्यविभाजन केन्द्रित विस्तृत छलफल हुने केन्द्रीय कार्यालय सचिव डा. भीष्म अधिकारीले बताए। उनका अनुसार ओलीले केन्द्रीय सचिवालयबाहेक सबै सदस्यलाई आगामी चुनावसम्म पालिकामै खटाउने गरी जिम्मेवारी तोक्ने प्रस्ताव गर्दै छन्। एमालेका ३०१ सदस्यीय केन्द्रीय कमिटी सदस्य छन्। तीमध्ये १९ जना पदाधिकारी छन्। उनीहरूबाहेक सबै सदस्य जिल्ला र पालिकामा खटिनेछन्। कतिपय सिनियर केन्द्रीय सदस्यलाई दुईदेखि तीनवटा पालिकासम्मको जिम्मेवारी प्रस्ताव गरिएको छ भने अरूलाई एउटा पालिकाको जिम्मेवारी छ। ७५३ वटा पालिका रहेकाले अपुग नेताहरू केन्द्रीय लेखा आयोग र कतिपय प्रदेश कमिटीका सदस्यलाई समेत सिधै केन्द्रीय कमिटीले इन्चार्जका रूपमा खटाउने गरी एमालेले तयारी गरेको छ।

परराष्ट्रमन्त्री र साउदी अरबका समकक्षीबिच टेलिफोन वार्ता

काठमाडौं / परराष्ट्रमन्त्री शिशिर खनालले साउदी अरेबियाका समकक्षी फैसल विन फारहन अल साउदसँग टेलिफोन वार्ता गरेका छन्। परराष्ट्रमन्त्री खनालले त्यहाँ रहेका नेपालीको सुरक्षाबारे चासो राखेका छन्। उनले कठिन समयमा साउदी अरबप्रति नेपालका तर्फबाट ऐक्यबद्धतासमेत जनाएको परराष्ट्र मन्त्रालयले जनाएको छ। उनीहरूबिच दुई देशको पुानो सम्बन्धबारे चर्चा भएको थियो। व्यापार, लगानी तथा पारस्परिक हित र चासोका अन्य विषयमा पनि छलफल भएको थियो। नेपालमा साउदी अरबको निजी क्षेत्रको लगानी भित्र्याउनेलगायत विषयमा पनि छलफल भएको परराष्ट्रले जनाएको छ।

फिर्के खोला अतिक्रमण गरी बनेका संरचना ९ जेठभित्र हटाउन सूचना

कास्की / पोखराको विभिन्न भाग भएर बग्ने फिर्के खोला अतिक्रमण गरी खोलाघरभित्र निर्माण गरिएका संरचना ९ जेठभित्र हटाउन पोखरा महानगरपालिकाले सार्वजनिक सूचना जारी गरेको छ। पोखरा- १८, सराङकोटस्थित अधेरीकुनाबाट सुरु भएको फिर्के खेला महानगरका विभिन्न आठवटा वडाको बस्ती छिचोल्दै करिब नौ किलोमिटर यात्रा तय गर्दै पोखरा वडा नम्बर ६ र १७ मा पर्ने फेवातालको ड्यामसाइडनजिकैको गाईघाटबाट सिधै तालमा मिसिने गर्दछ। १८ नम्बरबाट सुरु भएको फिर्के खोला वडा नम्बर २, ४, ५, ८, ७, ६ र १७ हुँदै फेवातालसम्म पुगेको छ। सोही फिर्के खोलाको खोलाघर क्षेत्र अतिक्रमण गरी निर्माण गरिएका स्थायी एवं अस्थायी भौतिक संरचना आफैं हटाउन महानगरले बुधबार सूचना जारी गरेको हो। अधेरीकुनाबाट लगभग सात किलोमिटर अघि गएपछि मालपोत कार्यालय कास्कीभन्दा केही माथि गैरीखेत भन्ने स्थानमा लगभग दुई किलोमिटर लामो बुलौदी खोलासमेत फिर्केमा मिसिएको छ। महानगरको प्राविधिक टोलीले स्थलगत नापजाँच गरी यसअघि पोल गाडेको सिमानाभन्दा भित्र पर्ने संरचना हटाउन सूचना जारी गरिएको मेयर धनराज आचार्यले जानकारी दिए। तोकिएको समयसीमाभित्र संरचना नहटाए महानगर आफैंले भत्काउने र त्यसको लागत सम्बन्धित व्यक्ति वा संस्थाबाट सरकारी बाँकीसरह असुरउपर गरिने उनको भनाइ छ।

खोलाकिनारको मापदण्डबारे आफ्नै फैसला सर्वोच्चद्वारा खारेज

'दायाँबायाँ २० मिटर छाड्नुपर्ने फैसला कार्यकारी नीतिगत क्षेत्राधिकारमा हस्तक्षेप'

नयाँ पत्रिका

सरकारले तोकेको खोलाकिनारको मापदण्डबाहेक दायाँबायाँ थप २० मिटर छाडेर संरचना निर्माण गर्नुपर्ने आफ्नै फैसला सर्वोच्चले खारेज गरेको छ। बुधबार सार्वजनिक यस फैसलाको पूर्णपाठमा सर्वोच्चले उक्त फैसला कार्यकारी नीतिगत क्षेत्राधिकारमाथि हस्तक्षेप भएको उल्लेख गरेको छ।

०६५ मंसिरमा निर्धारित मापदण्डभन्दा धेरै हुने गरी सर्वोच्चले फैसला गरेको थियो। जुन कार्यान्वयनमा गए आठ हजार तीन सयभन्दा बढी घर तथा टहरा भत्किने र ४२ हजार नागरिक विस्थापनमा पर्ने अनुमान गरिएको थियो। क्षतिपूर्तिबापत मात्र राज्यले २१ खर्ब २६ अर्ब रुपैयाँ आवश्यक पर्ने जनाइएको थियो। यसमा सरकार पुनरावलोकनमा गएकोमा सर्वोच्चको पूर्ण इजलासले २० मिटरको मापदण्डसम्बन्धी



फैसला गत ४ माघमा उल्ट्याएको थियो।

संयुक्त इजलासले ०८० पुसमा फैसला गर्दै नदीकिनारको दायाँबायाँ २०-२० मिटरसम्म निर्माण नगर्न आदेश गरेको थियो। सरकारले उक्त आदेश कार्यान्वयनयोग्य नभएको तथा खर्चिलो र नागरिकलाई सास्तीसमेत हुने भन्दै पुनरावलोकनका लागि निवेदन दायर गरेको थियो। यसै रिटमा न्यायाधीशहरू सुनीलकुमार पोखरेल, बालकृष्ण ढकाल र नृपध्वज निरौलाको इजलासले गरेको फैसलामा उक्त आदेशबारे, '...आदेश प्रचलित कानुन, कार्यकारीको नीतिगत क्षेत्राधिकारमा हस्तक्षेप नगर्ने यस अदालतले अवलम्बन गरेको न्यायिक परम्परासमेतका आधारमा मिलेको नदेखिँदा सो हदसम्म उक्त आदेशको प्रकरण १०० (ख) को बुँदा नं. १ केही उल्टी' हुने उल्लेख छ।

यसबाहेक नदी प्रदूषण, ढल व्यवस्थापन, ढल प्रशोधन केन्द्र निर्माण, अतिक्रमण हटाउने, अव्यवस्थित बसोबासीको पुनर्वास, छुट्टै बागमती सभ्यतासम्बन्धी ऐन तर्जुमालगायत निर्देशन सदर भएका छन्। नेपालले अंगीकार गरेको वर्तमान कानुनी व्यवस्थामा नदीकिनारमा कति मिटर तटीय क्षेत्र राख्ने, नदी संरक्षण तथा तटीय क्षेत्रमा बसोबासको व्यवस्थापन कसरी गर्नेलगायत विषयमा एकीकृत र स्पष्ट व्यवस्था नभएकाले यस विषयमा विशिष्ट कानुन तथा नीति बनाउनुपर्ने पूर्ण इजलासको ठहर छ।

न्यायाधीश मल्ल २० दिन बिदामा

काठमाडौं / प्रधानन्यायाधीश नियुक्तिमा असन्तुष्ट सर्वोच्च अदालतकी न्यायाधीश सपना प्रधान मल्ल लामो बिदामा बसेकी छिन्। प्रधानन्यायाधीशका रूपमा मनोजकुमार शर्माले पदभार ग्रहण गर्नुअगावै उनले २० दिनका लागि बिदा लिएकी हुन्। सामान्यतया न्यायाधीशहरूले बिदा लिई स्वीकृत भएपछि बिदा बस्छन्। तर, मल्लले मंगलबार नै कायममुकायम प्रधानन्यायाधीशको हैसियतमा आफ्नो बिदा स्वीकृत गरेको सर्वोच्च प्रशासनले जनाएको छ। यद्यपि, कारणबारे आफूलाई जानकारी नभएको प्रवक्ता अर्जुनप्रसाद कोइरालाले बताए।



प्रधानन्यायाधीशका लागि संवैधानिक परिषद्ले चौथो वरीयतामा रहेका शर्मालाई सिफारिस गरिएपछि रुष्ट बनेकी मल्ल शर्माको पदभार ग्रहण कार्यक्रममा समेत उपस्थित थिइनन्। बाँकी वरिष्ठ न्यायाधीश हरिप्रसाद फुयाँल र कुमार रेग्मी भने स्वागत तथा पदभार ग्रहणमा उपस्थित थिए।

यसैबीच, सर्वोच्च अदालतले बुधबार दरपिठविरुद्धका दुई निवेदन दर्ता गरेको छ। डा. प्रेमराज सिलवाल, वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीलगायतले पेस गरेको रिट दर्ता गरी ११ जेठका लागि पेसी तोकिएको सर्वोच्चका प्रवक्ता कोइरालाले बताए। रिट सुरुमा सर्वोच्चमा पेस हुँदा रजिस्ट्रारले दरपिठ गरेका थिए। तर, दरपिठविरुद्ध इजलासमा पेस हुने निवेदन भने साताभन्दा लामो समय दर्ता नगरेपछि कानुन व्यवसायीहरूको संगठन नेपाल बार एसोसिएसनले सर्वोच्च प्रशासनको ध्यानाकर्षणसमेत गराएको थियो।

सिलवालको रिटमा संवैधानिक परिषद् अध्यादेशको साथै प्रधानन्यायाधीश सिफारिसका विषयमा प्रश्नहरू समावेश छन्। न्यायपरिषद्ले तयार गरेको वरिष्ठताक्रमको अर्थ के हुने, बेंग्लोर घोषणापत्र प्रतिकूल न्यायाधीश नियुक्ति गर्न हुने नहुने, भविष्यमा कस्तो थिति वा परम्परा बसाल्ने तथा प्रधानन्यायाधीश सिफारिसबाट न्यायपालिकामाथि हस्तक्षेप हुन सक्छ वा सक्दैनलगायत विषय रिटमा छन्।

रानीसैन सीमा विवाद चर्कियो, हुम्ला-बाजुरामा तनाव

बाजुरामा **तेजराज भट्ट र गगन अयडी**

बाजुरा र हुम्लाको सीमा क्षेत्र रानीसैन-लाम्पाटा च्याचौर क्षेत्रमा उत्पन्न सिमाना विवाद हिंसात्मक बनेपछि ६ जना गम्भीर घाइते भएका छन्। सीमा क्षेत्र लाम्पाटामा बाजुरा प्रहरीले अस्थायी प्रहरी चौकी स्थापनाका लागि भवन निर्माणको काम अघि बढाएपछि उक्त क्षेत्र हुम्लामा पर्ने भन्दै विवाद बढेको हो। यही क्रममा साइपालको आधार शिविर रानीसैन जान लागेको बाजुराको हिमाली गाउँपालिकाको टोलीमाथि हुम्लाको सर्केगाडको रिपगाउँ र खार्पुनाथका राय, थालीगाउँका युवाहरूको समूहले आक्रमण गरेको हो।

साइपाल जान लागेको धनगढी उपमहानगरपालिकाको टोलीलाई पनि युवा समूहले फर्काईदिएको छ। घाइतेमध्ये चारजनालाई सिम्रिक एयरको हेलिकोप्टरमार्फत उपचारका लागि बुधबार सुर्खेत लगिएको छ। कुटपिटबाट घाइते भएका वडासदस्यसमेत रहेका हिमाली- ३, लाम्पाटाका पेमा गाराप गुरुङ, उनकी श्रीमती लक्ष्मी गुरुङ, सोही वडाको गुम्बा गाउँका नरबहादुर गुरुङ र मीनु कुँवरलाई हेलिकोप्टरबाट सुर्खेत पठाइएको जिल्ला प्रहरी कार्यालय बाजुराका प्रमुख डिएसपी इकवाल हवारिसले बताए।

स्थानीयको कुटपिटबाट हिमाली गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कुलबहादुर थापा र प्रहरी सहायक हवल्दार महेश धामी पनि घाइते भएका छन्। उनीहरूको अवस्था सामान्य रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। हिमाली-३, फुलिङबाट हेलिकोप्टरले घाइतेको उद्धार गरेको र उनीहरूको अवस्था चिन्ताजनक नरहेको बुझिएको डिएसपी हवारिसले बताए। खार्पुनाथ र सर्केगाडका तीनवटा गाउँबाट करिब डेढ सयको संख्यामा लाम्पाटा पुगेका स्थानीयले रानीसैन जान लागेको टोलीमाथि आक्रमण गर्दै निर्घात कुटपिट गरेका हुन्। घटनास्थलको एउटा भिडियोमा स्थानीय युवाहरूले हिमालीका प्रमुख प्रशासकीय अधिकृत थापामाथि कुटपिट गरेको देखिएको छ। लाम्पाटा आएका हुम्लाका स्थानीयले उक्त क्षेत्र हुम्लाको भएको भन्दै कुटपिट गरेको घाइते नरबहादुरले बताए। घटना मंगलबार बिहान साढे १० बजेतिरको हो। घटनास्थल र नजिकको गुम्बा गाउँमा फोन लाग्दैन। करिब आधा दिन पैदल हिँडेर वडा नम्बर ३ को बौडी भन्ने ठाउँमा पुगेपछि मात्र फोनले काम गर्छ। हिमाली गाउँपालिका अध्यक्ष गोविन्दबहादुर मल्लको नेतृत्वमा जनप्रतिनिधि, कर्मचारी र स्थानीय गरी ३६ जनाको टोली रानीसैनको पर्यटन प्रवर्द्धनका लागि रानीसैन बहस गर्न भनेर त्यसतर्फ जाँदै थियो। मल्लले आफ्नो टोलीमाथि आक्रमण गरेर केहीलाई घाइते बनाएको र केहीको मोबाइलसमेत थुतेर लगेको बताए।



बाजुरा र हुम्लाको सीमा क्षेत्र रानीसैन-लाम्पाटा च्याचौर क्षेत्रमा सिमाना विवादमा झडप हुँदा घाइते वडासदस्य पेमा गुरुङ।

■ धनगढीको टोलीलाई पनि फिर्ता पठाए

साइपाल र त्यसको पूर्वी बेसक्याम्प रानीसैनको प्रचारप्रसार तथा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले त्यहाँ गइरहेको धनगढी उपमहानगरपालिकाको टोलीलाई पनि हुम्लाका स्थानीयले लाम्पाटाबाट फिर्ता पठाईदिएका छन्। उपमहानगरले थालेको 'हाम्रो सुदूरपश्चिम हामी चिनाउँछौं' अभियान लिएर मेयर गोपाल हमालको नेतृत्वमा ३० जनाको टोली त्यसतर्फ जाँदै थियो। धनगढी र हिमालीको टोली केही अघिपछि थियो। धनगढीका मेयर हमालले स्थानीयले लखेटेपछि आफूहरू फिर्ता आएको बताए। उनले आफूहरू रानीसैनको पर्यटन प्रवर्द्धनका लागि त्यहाँ जान खोजेको बताए। अभियानअन्तर्गत सुदूरपश्चिमको प्रमुख पर्यटकीय गन्तव्य रामारोशन भ्रमण गरेर उपमहानगरको टोली हिमाली पदयात्राको गन्तव्य साइपाल जाँदै थियो।

सीमा विवाद के हो ?

जिल्ला प्रहरी कार्यालय बाजुराअन्तर्गत लाम्पाटामा अस्थायी प्रहरी चौकी स्थापना गर्न भवन निर्माणको काम अगाडि बढेको थियो। गाउँपालिका कार्यालयका अनुसार चौकी बनाउन सुदूरपश्चिम प्रदेश सरकारले यसपालि ४० लाख विनियोजन गरेको छ। घटनाको केही दिनअघि चौकी बनाउन स्थानीय उपभोक्ता समितिले जमिन सम्याएर जग हाल्ने काम सुरु गरेको थियो। प्रहरी चौकी बनाउन लागेको जानकारी पाएपछि त्यहाँबाट करिब एक दिनको पैदल दूरीमा रहेका रिप, पाली र रायगाउँका स्थानीय तीन दिनअघि आएर हुम्लाको जमिनमा भवन बनाउन लागिएको भन्दै सामान फाल्नुका साथै प्रहरी चौकी बनाउन जमिन दिएका वडासदस्य पेमाको परिवारलाई पनि कुटपिट गरेका उपभोक्ता समितिका अध्यक्ष नरबहादुर गुरुङले बताए।

पेमाकी श्रीमती लक्ष्मीले तीन दिनदेखि उनीहरूले आफ्नो घर कब्जामा लिएको बताइन्। भवन निर्माणको काम गरिरहेका गुम्बागाउँका २१ जनालाई पनि नियन्त्रणमा लिएर त्यहीं राखेका अध्यक्ष गुरुङले बताए। हुम्लाबाट आएका स्थानीयले तीन दिनदेखि आफ्नो घर कब्जामा लिएर बसेको उनले बताइन्। लाम्पाटामा पेमा र अर्का एक स्थानीयको गरी दुई घर मात्र छन्। बाजुराको पूर्वी-उत्तरी क्षेत्रका हिमाली, स्वामीकार्तिक खापर, जगन्नाथ गाउँपालिका र बुढीनन्दा नगरपालिकाले संयुक्त विज्ञप्ति जारी गर्दै लाम्पाटा, च्याचौर, रानीसैनलगायत क्षेत्र बाजुराकै भूभाग भएको दाबी गरेका छन्।


सरकारको महत्त्वाकांक्षी नीति तथा कार्यक्रम

विगतमा जस्तै वर्तमान सरकारले ल्याएको नीति तथा कार्यक्रममा पनि मूल समस्या कार्यान्वयनमा मात्र छ



● राजेश विद्रोही

अग्रलेख



नेपालको राजनीतिक इतिहासमा हरेक नयाँ सरकारले अति महत्त्वाकांक्षी योजना ल्याउँदै आएका छन् । अहिले बालेन्द्र शाह नेतृत्वको सरकारको नीति, कार्यक्रम पनि कम महत्त्वाकांक्षी छैन । किनभने, यो सरकार पनि पुरानै धरातल टेकेर अघि बढेको र बाहिर परिवर्तनको हल्ला देखिए पनि बिस्तारै यथास्थितिकै गोलचक्करमा फस्दै गएको देखिन्छ । किनभने, अहिलेको देशमा संरचना जो छ, कुकुरको पुच्छरजस्तो छ । यसलाई सीधा गर्न समय लाग्छ । छिटो गर्न खोजिए दुर्घटना हुन्छ र हुँदै आएको छ पनि ।

लोकतन्त्र प्राप्तिपछि हरेक सरकारको विकास र समृद्धिको नाराले जनता दिक्क भइसकेका छन् । राष्ट्रपतिबाट संघीय संसद्को संयुक्त बैठकमा प्रस्तुत नीति तथा कार्यक्रममा विकास र समृद्धि, सुशासन र आर्थिक रूपान्तरणसहित जनताको जीवनस्तर सुधारका लागि आकर्षक कार्यक्रम अघि सारिएको छ । कृषि, शिक्षा, स्वास्थ्य, पूर्वाधार, पर्यटन, डिजिटल अर्थतन्त्र, रोजगारी तथा सामाजिक न्यायलाई प्राथमिकतामा राखेर सरकारले दीर्घकालीन विकासको मार्गचित्र प्रस्तुत गरेको छ । कागजमा हेर्दा कार्यक्रम महत्त्वाकांक्षी, आकर्षक र आशावादी देखिन्छ । तर, मुख्य प्रश्न फेरि उही हो, के यो कार्यक्रम विगतका सरकारका घोषणाभन्दा फरक छ ? के यसले साँच्चै सर्वसाधारण नागरिकको जीवनमा प्रत्यक्ष परिवर्तन ल्याउन सक्छ ? कि फेरि पनि उनै दलाल, बिचौलिया तथा मुठीभरका सामन्ती वर्गको चंगुलमा फस्नेछ ?

किनभने, अहिले सरकारले ल्याएको नीति तथा कार्यक्रममा खासै नयाँ केही छैन । तर, यहाँ समस्या कार्यान्वयनमा छ । विगत तीन दशकमा बनेका अधिकांश सरकारले कृषि आधुनिकीकरण, औद्योगिक विकास, भ्रष्टाचार नियन्त्रण, रोजगारी सिर्जना र पूर्वाधार विस्तारलाई प्राथमिकतामा नराखेका होइनन् । तर के भयो ? आज पनि नेपालमा बेरोजगारी उच्च छ, लाखौँ युवा बिदेसिन बाध्य छन्, कृषि आयातमा निर्भरता बढेको छ, उद्योगहरू बन्द भएका छन् र भ्रष्टाचारको जालो झन् बलियो बनेको छ । यसले के देखाउँछ भने समस्या नीतिको भन्दा व्यावहारिक कार्यान्वयन, राजनीतिक इच्छाशक्ति र प्रशासनिक इमानदारीको छ ।

वर्तमान नीति तथा कार्यक्रममा सुशासन र भ्रष्टाचार नियन्त्रणलाई विशेष प्राथमिकता दिइएको छ । यसको सुरुवात माथिबाट भन्दा तलबाट भएको जस्तो देखिन्छ । यसको सिकार गरिब, दलित तथा सुकुम्बासी बनाएको देखिन्छ । यसले सरकारलाई फेरि पनि सही ठाउँमा पुऱ्याउँदैन । भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता, डिजिटल सेवा विस्तार, सार्वजनिक सेवा प्रवाहमा सुधार तथा सरकारी खर्चलाई कटौती गरेर परिणाममुखी बनाउने पहलकदमी प्रशंसनीय छ । विगतमा पनि यस्तै प्रतिबद्धता र कार्यक्रमलाई क्षणिक चर्चाको विषय बनाइयो, तर पछि नारामै सीमित बनाइयो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको वार्षिक प्रतिवेदनअनुसार हरेक वर्ष हजारौँ भ्रष्टाचारसम्बन्धी उजुरी पर्छन् । तर, अख्तियार यसमा असफल छ । किनभने, अख्तियार चलाउने र त्यहाँ भर्ना हुने वर्ग उनीहरू नै छन् । ट्रान्सपरेन्सी इन्टरनेसनलको भ्रष्टाचार सूचकांकमा नेपाल निकै कमजोर देखिन्छ । स्थानीय तहदेखि केन्द्रसम्म सार्वजनिक खरिद, विकास निर्माण, शिक्षा, स्वास्थ्य र राजस्व क्षेत्रमा भ्रष्टाचारका घटना दोहोरिइरहेका छन् ।

यसपटकको कार्यक्रमको सकारात्मक पक्ष भनेको डिजिटल शासनलाई जोड दिनु हो । सरकारी सेवालाई पूर्ण रूपमा डिजिटल र पारदर्शी बनाउन सकियो भने घुस, ढिलासुस्ती र बिचौलियाको भूमिका कम गर्न सकिन्छ । उदाहरणका लागि, राष्ट्रिय परिचयपत्र, कर भुक्तानी, कम्पनी दर्ता, राहदानी, मालपोत तथा सामाजिक सुरक्षा भत्ता प्रणाली डिजिटल बनाइएपछि केही क्षेत्रमा सेवा सहज भएको अनुभव छ । नेपालमा अझै ग्रामीण क्षेत्रमा इन्टरनेट पहुँच कमजोर छ । नेपाल दूरसञ्चार प्राधिकरणको तथ्यांकअनुसार इन्टरनेट पहुँच बढे पनि दुर्गम जिल्लामा गुणस्तरीय सेवा अझै पुगेको छैन । त्यसैले, डिजिटल रूपान्तरणलाई सहरकेन्द्रित होइन, समावेशी बनाइनुपर्छ ।

आर्थिक सुधार र लगानी प्रवर्द्धनको विषयमा वर्तमान नीति विगतभन्दा केही आधुनिक देखिन्छ । हरित अर्थतन्त्र, डिजिटल अर्थतन्त्र, औद्योगिक ग्राम तथा वैदेशिक लगानी आकर्षित गर्ने योजना सकारात्मक छन् । तर, नेपालमा विगतदेखि नै लगानीको मुख्य समस्या राजनीतिक अस्थिरता, नीतिगत असुरक्षा, भ्रष्टाचार र कमजोर पूर्वाधार तथा जनता लक्षित कार्यक्रम नहुनु हो । विश्व बैंकको 'डुइङ बिजनेस' प्रतिवेदनमा नेपाल लगानीमैत्री वातावरणका हिसाबले कमजोर राष्ट्रमध्ये पर्छ । उद्योग खोल्न अनेक प्रशासनिक झन्झट, दोहोरोतेहरो कर प्रणालीको अस्पष्टता, विद्युत् तथा यातायात समस्याले निजी क्षेत्र निरुत्साहित छ ।

यसपटक सरकारले औद्योगिक ग्राम र उत्पादनमुखी अर्थतन्त्रको कुरा गरेको छ, जुन आवश्यक पनि छ । किनकि, नेपालमा व्यापारघाटा भयावह छ । भन्सार विभागका अनुसार नेपालले वार्षिक खर्बौं रुपैयाँको पेट्रोलियम पदार्थ, खाद्यान्न, तरकारी, फलफूलदेखि सामान्य उपभोग्य सामग्रीसम्म आयात गरिरहेको छ । निर्यातको अवस्था अत्यन्त कमजोर छ । यस्तो अवस्थामा उत्पादनविना आर्थिक सुधार सम्भव छैन । विगतका सरकारले पनि उद्योग पुनरुत्थानको कुरा गरे । तर, व्यवहारमा उद्योग बन्द हुँदै गए । वीरगन्ज चिनी कारखाना, जनकपुर चुरोट कारखाना, हेटौंडा कपडा उद्योगजस्ता सरकारी उद्योग धराशयी भए । निजी उद्योग पनि विद्युत्, श्रम विवाद र बजार अभावका कारण संकटमा परे । त्यसैले, वर्तमान सरकारले उत्पादन, उद्योग र निर्यातलाई व्यावहारिक रूपमा अघि बढाउन सके मात्र अर्थतन्त्र बलियो बन्न सक्छ ।

कृषि क्षेत्रलाई हेर्दा नीति तथा कार्यक्रमले न्यूनतम समर्थन मूल्य, डिजिटल भुक्तानी, सहकारी खेती, बाँझो जमिन उपयोग र कृषि उद्यम विकासलाई प्राथमिकता दिएको छ । यो सकारात्मक छ । किनकि, नेपालको करिब ६० प्रतिशत जनसंख्या कृषि क्षेत्रमा निर्भर भए पनि कृषि उत्पादनले देशलाई आत्मनिर्भर बनाउन सकेको छैन । कृषिप्रधान भनिने देशमा किसानले मल, बिउ, सिँचाइ र बजारको समस्या अझै झेलिरहेका छन् ।

> कागजमा हेर्दा कार्यक्रम महत्त्वाकांक्षी, आकर्षक र आशावादी देखिन्छ । तर, मुख्य प्रश्न फेरि उही हो, के यो कार्यक्रम विगतका सरकारका घोषणाभन्दा फरक छ ? के यसले साँच्चै सर्वसाधारणको जीवनमा प्रत्यक्ष परिवर्तन ल्याउन सक्छ ?

विगतका सरकारले पनि 'कृषि क्रान्ति'को नारा दिएका थिए । तर, किसान अझै बिचौलियाकै मारमा छन् । किसान कृषिउपज, दुध आदि फाल्न बाध्य हुने अवस्था छ । तर, उपभोक्ताले बजारमा महँगो मूल्य तिर्नुपर्छ । यसको कारण बजार व्यवस्थापनको अभाव हो । वर्तमान कार्यक्रमले कृषि उत्पादनलाई उद्योग र बजारसँग जोड्ने कुरा गरेको छ, जुन व्यवहारमा लागू गर्न सकियो भने परिवर्तन सम्भव छ । तर, न्यूनतम समर्थन मूल्य घोषणा गरेर मात्र पुग्दैन, किसानको उत्पादन सरकारले खरिद गर्ने संयन्त्र चाहिन्छ । कृषि बिमा र सहुलियत कर्जा ग्रामीण किसानसम्म पुग्न सकेन भने नीति केवल भाषणमा सीमित हुनेछ ।

शिक्षा र स्वास्थ्य क्षेत्रमा सरकारले माध्यमिक तहसम्म निःशुल्क शिक्षा, डिजिटल शिक्षा विस्तार तथा टेलिहेल्थ सेवाको योजना ल्याएको छ । यो विगतको तुलनामा आधुनिक सोच हो । यसले कोरोना महामारीपछि डिजिटल शिक्षा र टेलिमेडिसिनको आवश्यकता झन् बढेको थियो । नेपालमा सरकारी विद्यालयको गुणस्तर अझै कमजोर छ । धेरै अभिभावक निजी विद्यालयतर्फ आकर्षित छन्, स्वास्थ्य क्षेत्रमा पनि अवस्था त्यस्तै छ । सरकारी अस्पतालमा औषधि अभाव, उपकरणको कमी, चिकित्सकको अनुपस्थिति, पहुँचको भरमा सेवा प्रवाह र भिडभाडका समस्या पुरानै हुन् । प्रत्येक वर्ष हजारौँ नेपाली उपचारका लागि भारत जान बाध्य छन् । नेपाल मेडिकल काउन्सिलका अनुसार धेरै चिकित्सक विदेश पलायन भइरहेका छन् । यस्तो अवस्थामा नयाँ नीति ल्याएर मात्र हुँदैन, स्वास्थ्य क्षेत्रमा संरचनात्मक सुधार आवश्यक छ ।

पूर्वाधार विकासमा सडक सञ्जाल विस्तार, रेलमार्ग अध्ययन र सार्वजनिक यातायात सुधारका योजना समावेश छन् । विगतका सरकारले पनि सडक विस्तारलाई प्राथमिकता दिएका थिए । तर, गुणस्तरहीन निर्माण, ढिलासुस्ती र भ्रष्टाचारका कारण धेरै परियोजना अधुरै छन् । मेलम्ची खानेपानी आयोजना, पोखरा अन्तर्राष्ट्रिय विमानस्थल, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलजस्ता परियोजनामा समय र लागत दुवै अत्यधिक बढेको उदाहरण हाम्रो सामु छ । पर्यटन क्षेत्रलाई 'भिजिट नेपाल २०८५', धार्मिक पर्यटन र होमस्टे प्रवर्द्धनमार्फत अघि बढाउने नीति पनि सकारात्मक छ । नेपाल प्राकृतिक र सांस्कृतिक दृष्टिले अत्यन्त सम्भावनायुक्त राष्ट्र हो । सगरमाथा, लुम्बिनी, पशुपतिनाथ, जनकपुर, मुक्तिनाथजस्ता क्षेत्र विश्वस्तरमै आकर्षणका केन्द्र हुन् । तर, पर्यटन क्षेत्रले अझै पर्याप्त लाभ लिन सकेको छैन । पूर्वाधार अभाव, हवाई सुरक्षाप्रतिको प्रश्न, कमजोर प्रचारप्रसार र राजनीतिक अस्थिरताले पर्यटन क्षेत्र प्रभावित भएको छ । यदि पर्यटनलाई स्थानीय रोजगारी र उत्पादनसँग जोड्न सकियो भने ग्रामीण अर्थतन्त्रमा प्रत्यक्ष प्रभाव पर्न सक्छ ।

रोजगारी र युवा पलायन नेपालको सबैभन्दा गम्भीर समस्या बनेको छ । प्रत्येक वर्ष लाखौँ युवा वैदेशिक रोजगारीका लागि खाडी मुलुक, मलेसिया, कोरिया र अन्य देशतर्फ गइरहेका छन् । वैदेशिक रोजगार विभागका तथ्यांकले नेपालबाट दैनिक हजारौँ युवा बिदेसिने अवस्था देखाउँछ । सरकारले स्वदेशमै रोजगारीको कुरा गरे पनि ठोस योजना अझै स्पष्ट छैन । विगतका प्रधानमन्त्री रोजगार कार्यक्रम प्रभावकारी बन्न सकेनन् । धेरै ठाउँमा नाम मात्रको रोजगारी वितरण भयो । यदि अहिलेको सरकारले कृषि, उद्योग, पर्यटन र सूचना प्रविधिलाई रोजगारीसँग प्रत्यक्ष जोड्न सकेन भने युवा पलायन रोक्न सम्भव छैन । सीपमूलक शिक्षा, स्टार्टअप प्रवर्द्धन, साना तथा मझौला उद्योगलाई सहुलियत र स्थानीय उत्पादनको बजार सुनिश्चितता आवश्यक छ । युवा बिदेसिनु केवल आर्थिक समस्या होइन, सामाजिक संकट पनि हो । गाउँहरू वृद्धाश्रम र बालबालिका स्याहार केन्द्रमा परिणत हुँदै गएका छन् । पारिवारिक विखण्डन, मानसिक तनाव र सामाजिक असन्तुलन बढिरहेको छ ।

सामाजिक न्याय र समावेशिताको पक्षमा दलित, महिला, अपांगता भएका व्यक्ति, बालबालिका तथा सीमान्तकृत समुदायका कार्यक्रम उल्लेख गरिनु सकारात्मक हो । विगतमा पनि यस्ता कार्यक्रम घोषणा भए । तर, व्यवहारमा लक्षित समुदायसम्म लाभ पुगेन । दलित समुदाय अझै भूमि, शिक्षा, रोजगारी र सम्मानजनक जीवनबाट वञ्चित छ । धेरै दलित परिवार अझै लालपुर्जाविहीन छन् । दलित भएकै कारण र जातकै कारण दलितमाथि विभिन्न अपराध र हिंसा, महिला हिंसा, बालविवाह, जातीय विभेद र सामाजिक बहिष्करणजस्ता घटना निरन्तर भइरहेका छन् । त्यसैले, दलितलक्षित सामाजिक न्यायका कार्यक्रमलाई स्पष्ट कार्ययोजना, बजेट र अनुगमनसँग जोड्न आवश्यक छ ।

सबैभन्दा महत्त्वपूर्ण कुरा संघ, प्रदेश र स्थानीय तहबिचको समन्वय हो । संघीयता लागू भएपछि अधिकार बाँडफाँडको विवाद, दोहोरो योजना र प्रशासनिक अन्योल बढेको छ । अहिलेको नीति तथा कार्यक्रममा समन्वयको कुरा भए पनि व्यावहारिक खाका स्पष्ट छैन । तीन तहका सरकारबिच स्पष्ट जिम्मेवारी बाँडफाँड भएन भने धेरै योजना अलपत्र पर्ने खतरा रहन्छ । समग्रमा हेर्दा वर्तमान नीति तथा कार्यक्रम विगतका सरकारको भन्दा केही आधुनिक, डिजिटल र समावेशी देखिन्छ । तर, यसको मूल चुनौती कार्यान्वयन नै हो । विगतका सरकार घोषणामुखी भए, परिणाममुखी बन्न सकेनन् । जनता अब भाषण होइन, जीवनमा परिवर्तन चाहन्छन् । किसानले मल र बजार, युवाले रोजगारी, बिरामीले सहज उपचार, विद्यार्थीले गुणस्तरीय शिक्षा र सर्वसाधारणले भ्रष्टाचाररहित सेवा चाहन्छन् ।

सरकारले प्रत्येक कार्यक्रमको स्पष्ट समयसीमा, बजेट स्रोत, जिम्मेवार निकाय र अनुगमन संयन्त्र तोक्न सक्यो भने मात्र नीति सफल हुनेछ । अन्यथा, यो पनि विगतका आकर्षक दस्ताबेजझैं फाइलभित्र सीमित हुने खतरा रहन्छ ।

---

३ प्रश्न

शिक्षाविद्
प्राडा विद्यानाथ कोइरालालाई



विद्यार्थी कम भएका सामुदायिक विद्यालयको व्यवस्थापन कसरी गर्दा ठिक होला ?

त्यस्ता विद्यालयको व्यवस्थापन सजिलो छ । मुख्य प्रश्न भनेको गर्ने कि नगर्ने भन्ने मात्र हो । यसका लागि सरकारले केही निर्णय गर्नुपर्छ । कक्षैपिच्छे शिक्षक दिन सकिन्छ सकिन्न ? विषयैपिच्छे शिक्षक दिन सकिन्छ कि सकिन्न ? विद्यार्थी संख्या हेरेर पो शिक्षक दिने हो कि ? शिक्षक दिन सकिने अवस्था छैन भने त्यहाँका विद्यार्थीलाई जहाँ पढाइ हुन्छ, त्यहाँ नेटबाट जोड्न पनि सकिन्छ । माथिल्लो कक्षाका विद्यार्थीले तलका कक्षाका विद्यार्थीलाई पढाउने र भएका सीमित शिक्षकले माथिल्लो कक्षका विद्यार्थीलाई सहजीकरण गर्ने व्यवस्था गर्न सकिन्छ । कक्षापिच्छे या विषयपिच्छे शिक्षक दिने भन्यो भने सरकार अप्ठ्यारोमा पर्छ । कतिपय क्षेत्रको सामुदायिक विद्यालयमा निजी विद्यालयको भन्दा पनि प्रतिविद्यार्थी लगानी चर्को पर्न थालेको छ । यस्तोमा विद्यार्थी घरघरमै बस्ने र शिक्षक विद्यार्थी भएको ठाउँमा जाने चीनको जस्तो व्यवस्था पनि मिलाउन सकिन्छ ।

हाम्रो जस्तो छरिएका ग्रामीण बस्तीका विद्यालयलाई एक-आपसमा गाभ्न कति सम्भव होला ?

त्यति धेरै कठिन हुँदैन । विद्यार्थीलाई नेटमा या शिक्षकसितको भेटमा पढाउने व्यवस्था गर्न सकिन्छ । विद्यार्थीलाई मोटर चढाएर नजिकको विद्यालयमा लान पनि सकिन्छ । खाली भएका विद्यालयलाई फुटसल, पुस्तकालय, संग्रहालय आदि बनाउन सकिन्छ । सिप सिकाउने केन्द्र या ग्रामीण कृषि उपजको भण्डारस्थल आदिमा रूपान्तरण पनि गर्न सकिन्छ । वृद्धवृद्धाको भेटघाट गर्ने, दुःखसुख साटासाट गर्ने स्थल बनाउन पनि सकिन्छ ।

विद्यालय गाभ्नु नै सामुदायिक विद्यालय सुधार गर्ने अचुक उपाय हो त ?

विद्यार्थी संख्या निकै न्यून भएको अवस्थामा विद्यालय गाभ्नु नै ठिक हो । तर, यसका लागि माथिबाट निर्णय लाद्ने बाटो हिँडियो भने कठिन छ । यसका लागि सरकारले स्थानीय सरकार र त्यहाँका राजनीतिक दलसित संवाद गर्ने हो भने उपाय उनीहरूबाटै आउँछ ।

प्रेरक प्रसंग

साधु र सिसाको हल

एकपटक एकजनाले एक साधुसित गुनासो गरे । महात्मा, मेरो साथमा कोही पनि विश्वासपात्र छैनन् । मेरा कर्मचारी मसित झुटो बोल्छन् । पत्नी र छोराछोरी मात्र होइन, यो संसार नै स्वार्थी छ । कोही पनि ठिक छैनन् ।

साधु हल्का मुस्कुराए र उनलाई एउटा कथा सुनाए । एउटा ठुलो सहरमा एउटा ठुलो हल थियो, जहाँ करिब हजार ऐना जडान गरिएका थिए । एउटी सानी बालिका नियमितजसो एक्लै सो हलमा खेल्न जाने गर्थिन् । उनलाई त्यहाँ खेल्न निकै मजा लाग्थ्यो । उनलाई एकसाथ आफूजस्तै हजार अन्य बालिकासित खेलिरहेकोजस्तो लाग्थ्यो । उनी ताली बजाउँथिन्, हाँस्थिन् । उनीसँगै अरू हजार बालिकाले पनि एकसाथ ताली बजाउँथे, हाँस्थे । उनलाई संसारकै सबैभन्दा सुन्दर ठाउँ यही हल लाग्थ्यो । एकपटक एकजना निकै रिसाहा र उदास व्यक्ति सो हलमा पुगे । उनले एकसाथ आफूजस्तै हजार रिसाहा र उदास व्यक्ति देखे । ती सबैले रिसाएर उनैलाई हेरिरहेका थिए । उनले ती सबैलाई रिसाएर आक्रमण गर्न हात उठाए । बाँकी सबैले पनि उसैगरी रिसाएर उनीविरुद्ध हात उठाए । उनलाई लाग्यो, यो हल त संसारकै सबैभन्दा खराब स्थान रहेछ । उनी तुरुन्तै बाहिर निस्किए ।

साधुले भने- यो संसार पनि त्यही हजार सिसावाला हलजस्तै हो । हामी सबैले भित्रबाट जे निकाल्छौं, यो संसारले पनि त्यही फिर्ता दिन्छ । यो संसार स्वर्ग या नर्क दुवै हुन सक्छ । केवल हामी के निकालिरहेका छौं, त्यसैमा सबै निर्भर हुन्छ ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

बिजुलीमा सहुलियत कहिले ?

जलविद्युत् उत्पादन प्रचुर मात्रामा भइरहेको अवस्थामा जनतालाई दैनिक चुलोमा उपयोग गर्नका लागि सहुलियत मूल्यमा स्वदेशकै उत्पादन उपलब्ध गराउनु जरुरी छ । चुलोमा बढीभन्दा बढी बिजुली खपत गर्ने कार्यक्रम ल्याउनमा कसले छेकेको छ र ? स्वदेशको उत्पादन स्वदेशमै खपत गर्नु अति जरुरी छ । यसले गर्दा महँगो मूल्यको ग्यासको आयातमा कमी आई विदेशी मुद्राको बचत हुनेछ । साथै, नेपाली उपभोक्ताले बिजुली खपतबापत तिरेको रकम देशभित्रै लगानी गर्न पनि सकिन्छ ।

खुसीका कुरा हरित ऊर्जाका साथ बिजुली चुलो प्रयोग गर्दा नेपालीको भान्छा सस्तो हुने र जहिल्यै खाएर ग्यास चुलो बाल्नुपर्ने बाध्यता पनि हट्नेछ । यसतर्फ राज्यको ध्यान जानु जरुरी छ ।

● **बलराम थापा,** क्षेत्रपाटी, काठमाडौं

विद्यालय गाभ्ने कसरी ?

सामुदायिक विद्यालयमा विद्यार्थी अभावले गर्दा हजारौँ विद्यालय एक-आपसमा गाभ्नुपर्ने अवस्था रहेको सम्बन्धमा समाचार पढियो । हो, थोरै विद्यार्थी रहेका विद्यालयमा अनावश्यक शिक्षक दरबन्दी कायम गरी फजुल खर्च गर्नुभन्दा विद्यालयलाई एक-आपसमा गाभ्नु राम्रै हो । तर, हिमाली र पहाडी क्षेत्रमा छरिएका बस्ती र टाढाटाढा रहेका घर, परिवारका कारण यसरी विद्यालय गाभ्ने काम त्यति सहज भने छैन । यसबारे सम्बन्धित सबैको ध्यान जाओस् ।

● **अर्पिता गुरागाईं,** पकनाजोल, काठमाडौं

सम्पर्क कार्यालय किन ?

काग्रेस संस्थापनइतर समूहले सम्पर्क कार्यालय खोलेको समाचार पढियो । आखिर उनीहरूलाई किन चाहियो फरक सम्पर्क कार्यालय ? यसरी समानान्तर गतिविधि गर्नु नै छ भने खुरुक्क अलग पार्टी खोलेर संस्थापन पक्षलाई देखाइदिए भैगो नि ! जब आपसमा मिल्नु नै छैन भने बेकारमा एकै ठाउँमा बसिरहेको जस्तो गरेर मुख बजाइरहनुभन्दा अलग पार्टी खोलेर आआफ्नो बाटो समात्नु नै बुद्धिमानी हुन्छ । यसतर्फ सबैको ध्यान जाओस् ।

● **सुमित्रा पासवान,** कीर्तिपुर, काठमाडौं

सरकारलाई काम गर्न देऊ

०४६ सालअघि नेपालमा जुन पञ्चायती व्यवस्था थियो, त्यहाँ पनि संविधान थियो, विभिन्न अदालत पनि थिए र चुनाव पनि हुन्थ्यो । ०४६ को जनआन्दोलनको म्यान्डेट भन्दै तत्कालीन पञ्चायती व्यवस्था खारेज गरेर एमाले र काग्रेसले नयाँ संविधान बनाए, जसलाई विश्वकै उत्कृष्ट भनेर प्रचार गरियो । फेरि ०६२-६३ सालको जनआन्दोलनको म्यान्डेट भन्दै एमाले-काग्रेस आफैंले बनाएको संविधान २०४७ खारेज गरेर नयाँ संविधान २०७२ जारी गरियो । त्यही संविधानमा रहेर पुराना दलले के-के गरे, त्यो गत २१ फागुनको चुनावले प्रमाणित गरिसकेको छ । त्यति मात्र होइन, यस चुनावले २३ र २४ भदौको जेन-जी आन्दोलनको औचित्य पनि पुष्टि गरिदिएको छ ।

विगतमा नेपाली जनताले पुराना दललाई परिवर्तनका लागि पटकपटक मौका दिएका थिए । आज तिनै जनताले परिवर्तनकै लागि रास्वपा र बालेन शाहलाई मौका दिएका छन् । यो दुई महिनाको अवधिमै बालेन सरकारले ठुलो गल्ती गऱ्यो, गलत काम गऱ्यो, राजीनामा दे भन्ने अधिकार पुराना दललाई छैन, त्यसमा पनि प्रतिपक्षले त्यस्तो अभिव्यक्ति दिनु बालेन सरकारले गरेको काममा अवरोध र दुईतिहाइ जनमतको अपमान हो । बालेन सरकारले के गऱ्यो, के गरेन, सही गऱ्यो कि गलत, त्यसको समीक्षा अब पुराना दलले होइन, नेपाली जनताले गर्नेछन्, त्यो पनि आगामी पाँच वर्षपछि हुने चुनावमा । त्यसैले, आगामी पाँच वर्षका बालेन सरकारलाई देश चलाउने मौका किन नदिने ?

● **महावीर लामा,** सिन्धुपाल्चोक

मस्को-बेइजिङ गहिरो सहकार्यको अर्थ

बेइजिङ र मस्कोले पश्चिमा देश वा अन्यमाथि आफ्ना मूल्य-मान्यता, राजनीतिक प्रणाली वा शासनका सिद्धान्त लाद्ने मनसाय देखाउँदैनन्



देश/विदेश

● एन्ड्रे कोर्टुनोभ
(लेखक रुसी अन्तर्राष्ट्रिय मामिला परिषद्का सदस्य तथा पूर्वमहानिर्देशक हुन्)

बेइजिङ र मस्कोका सरकारी अधिकारी र शीर्ष राजनीतिज्ञले चीन र रुसबिच राजनीतिक तथा सैन्य गठबन्धन बनाउन सक्छन् भन्ने केही पश्चिमा देशको डरलाई निरन्तर कम गर्ने प्रयास गरेका छन् । न त चीन न रुसको त्यस्तो कुनै योजना वा आकांक्षा छ । दुवै देश आफ्नो द्विपक्षीय सम्बन्धमा हालको व्यवस्थाबाट धेरै खुसी छन् । दुवै पक्षले आ-आफ्नो सार्वभौमिकतालाई उच्च मूल्य दिन्छन् । यसबाहेक, चीन र रुसले केही विशिष्ट मुद्दामा फरक-फरक अडान राख्न सक्छन् । दुवै देश केही अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी पनि हुन सक्छन् । यद्यपि, यस्तो असहमति वा प्रतिस्पर्धाले बेइजिङ र मस्कोलाई अन्य मुद्दामा सँगै काम गर्नबाट रोक्दैन । द्विपक्षीय व्यापार, पारस्परिक लगानी, औद्योगिक सहयोग, सांस्कृतिक र मानवीय अन्तर्क्रियाको सन्दर्भमा, चीन-रुस सहयोग चीन र युरोपेली संघ तथा चीन र संयुक्त राज्य अमेरिकाभन्दा धेरै पछाडि छ ।

रुसभन्दा अमेरिकामा चिनियाँ पर्यटक बढी जान्छन् । रुसी उच्च शिक्षा संस्थामा भन्दा पश्चिमा विश्वविद्यालयमा चिनियाँ विद्यार्थी र विद्वान् धेरै छन् । अर्कातर्फ, रुसी राजनीतिक वर्ग र त्यहाँका बौद्धिक समुदायले आफ्नो देशलाई युरोपेली सभ्यताको एक जैविक अंश मान्छन् । बेइजिङ वा मस्को दुवैले पश्चिमा देश वा विश्वका कसैमाथि आफ्ना मूल्यमान्यता, राजनीतिक प्रणाली वा शासनका सिद्धान्त लाद्ने मनसाय देखाउँदैनन् ।

तैपनि, 'नयाँ अक्षको भूत'ले केही पश्चिमी राजनीतिज्ञलाई सताइरहन्छ । यो डर कहाँबाट आउँछ ? स्वाभाविक जवाफ यो हो कि यो पुरानो परम्परागत पश्चिमा पाखण्डको एक अभिव्यक्ति हो । वास्तवमा, पश्चिमा 'शासन वृत्त'लाई सधैं सैन्य खर्चलाई औचित्य दिन, नयाँ सैन्य समूह निर्माणलाई तर्कसंगत बनाउन र आफ्ना प्रतिस्पर्धी र विरोधीसम्म पुग्नेहरूलाई बहिष्कार गर्न 'बाह्य खतरा'को आवश्यकता परेको छ । जब केही राजनीतिज्ञले नेटोको विश्वव्यापीकरणका लागि जोड दिने प्रयास गर्छन्, अस्ट्रेलिया, संयुक्त अधिराज्य र अमेरिकाबिचको त्रिपक्षीय साझेदारी (अउकस), त्रिपक्षीय अमेरिका-जापान-कोरिया गणराज्य सुरक्षा सहयोग ढाँचा वा अस्ट्रेलिया, भारत, जापान र अमेरिकाबिचको क्वाड गठबन्धनको विस्तार पनि 'उदाउँदो चीन-रुस अक्ष'को सन्दर्भमा उपयोगी हुन्छ ।

विश्वव्यापी राजनीतिमा बलिको बोकाको माग सधैं हुन्छ र केही पश्चिमा राजनीतिज्ञले विशाल युरेसियन भूभागविरुद्ध एकताबद्ध हुन मस्को र बेइजिङभन्दा राम्रो 'बहाना' पाउन सक्दैनन् । यो डर स्पष्ट रूपमा अन्तर्राष्ट्रिय सम्बन्धमा एक पुरानो दृष्टिकोणबाट उत्पन्न भएको देखिन्छ । यो ती व्यक्तिहरूको सोच पनि हो, जसले अन्तर्राष्ट्रिय राजनीतिलाई शून्य-योगफलको खेलका रूपमा 'डिल' गर्छन् । यद्यपि, यो पुरानो तर्कलाई अब हल्का रूपमा लिन सकिँदैन । यदि चीन-रुस रणनीतिक साझेदारी टुटेको खण्डमा यो अनौठो तर्कलाई विस्तार गरेर के संसार सुरक्षित, स्थिर, सुरक्षित र समृद्ध होला ?

के पश्चिमी राष्ट्रले बेइजिङ र मस्कोबिच फाटो ल्याउन 'सफल' भएमा उनीहरूलाई फाइदा हुनेछ ? बरु, यस्तो कुनै पनि द्वन्द्व क्षेत्रीय र विश्वव्यापी अस्थिरताको अर्को स्रोत मात्र बन्नेछ, जसले पश्चिमा राष्ट्रसहित विश्वका सबैका लागि धेरै जोखिम र चुनौती निम्त्याउन सक्छ । अन्तरसम्बन्ध र अन्तर्निर्भरताले चिनिने युगमा, अन्तर्राष्ट्रिय सम्बन्धलाई 'शून्य-योग खेल' जस्तो व्यवहार गर्न सकिँदैन, भलै यस्तो प्रयास विगतमा गरिएको किन नहोस् । आज, हामी या त सँगै जित्छौं या सँगै हार्छौं ।

अचम्म मान्नुपर्दैन, बेइजिङले सधैं वासिंटनसँग द्विपक्षीय वार्तामा पुनः संलग्न हुने मस्कोको प्रयासलाई स्वागत गरेको छ भने मस्कोले अमेरिकासँग व्यापार विवाद र भूराजनीतिक तनाव समाधान गर्ने बेइजिङको प्रयासप्रति सहानुभूति राखेको छ ।

यदि पश्चिमाहरूले दुई राष्ट्रलाई धम्की नदिए पनि मस्को र बेइजिङसँग एक-अर्कासँग सहकार्य गर्ने धेरै कारण छन् । यी दुई ठुला राष्ट्रको साझा सीमा छ, पूरक अर्थतन्त्र छन् र क्षेत्रीय तथा विश्वव्यापी समस्यामा समान विचार छन् । यो उल्लेखनीय छ कि जनवादी गणतन्त्र चीन र रुसी संघबिचको असल छिमेकी र मैत्रीपूर्ण सहयोगको सन्धिले द्विपक्षीय सम्बन्धमा नयाँ युगको सुरुवात गऱ्यो । बेइजिङ र मस्कोले केही पश्चिमी शक्तिसँगको आ-आफ्नो सम्बन्धमा कठिनाइको सामना गर्न थाल्नुभन्दा धेरैअघि अर्थात् २००१ मा सन्धिमा हस्ताक्षर गरिएको थियो ।

केही पश्चिमी शक्तिको आक्रामक मुद्रा निःसन्देह चीन-रुस साझेदारीलाई आकार दिने कारकमध्ये एक हो, तर यो कुनै पनि हिसाबले एक मात्र वा निर्णायक कारक होइन । समयसँगै, यो बाह्य कारकको महत्त्व घट्दै जानेछ भन्ने अनुमान गर्न सकिन्छ । आजकल कसैले तर्क गर्न सक्छ कि अन्तर्राष्ट्रिय सम्बन्धमा एउटा प्रमुख समस्या भनेको डरको अभाव हो, जसले पहिले प्रमुख शक्तिबिचको सैन्य टकरावविरुद्ध निवारकका रूपमा काम गर्थ्यो ।

चाइना डेलीबाट

खामेनीको हत्यापछि अमेरिका र इजरायलले अहमदिनेजादलाई सुम्पन चाहेका थिए इरानको नेतृत्व

वासिंटन डिसी/ चर्चित अमेरिकी पत्रिका 'द न्युयोर्क टाइम्स'ले छापेको एक खोज समाचारअनुसार अमेरिका र इजरायलले इरानमाथि आक्रमण सुरु गर्दा खामेनीलाई हटाएर पूर्वराष्ट्रपति महमुद अहमदिनेजादलाई पदस्थापना गर्ने उद्देश्य लिएको उल्लेख छ।

यस 'दुस्साहसी योजना'बारे जानकारी भएका अमेरिकी अधिकारीलाई उद्धृत गर्दै पत्रिकाले समाचार लेखेको बताएको छ। तर, युद्ध सुरु भएपछि योजना 'सोचेअनुसार नभएको' अधिकारीलाई उद्धृत गर्दै पत्रिकाले लेखेको छ। हाल अहमदिनेजादको अवस्था र अवस्थिति अज्ञात छ।

आयतोल्लाह अली खामेनीको हत्यापछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानभित्रैका नेतालाई सत्ता सुम्पनु उपयुक्त हुने सोचेका थिए, टाइम्सले समाचारमा उल्लेख गरेको छ। 'तथापि, अहमदिनेजादको छनोट असामान्य मान्नुपर्छ,' पत्रिकाले लेखेको छ। किनकि, सन् २००५ देखि २०१३ बिच इरानको राष्ट्रपति रहँदा उनले 'इजरायललाई विश्वको नक्साबाट मेटाउने' चेतावनी दिएका थिए।

त्यस्तै, अहमदिनेजाद इरानको आणविक कार्यक्रमका कट्टर समर्थक थिए भने अमेरिकाका कटु आलोचक। तथापि, सन् २०१९ देखि उनी अमेरिकासँग नरम देखिन थालेका थिए। त्यसै समयको एक अन्तर्वार्तामा अहमदिनेजादले राष्ट्रपति ट्रम्पको प्रशंसा गरेका थिए। साथै, उनले इरान र अमेरिकाबिच घनिष्टताको वकालत गरेका थिए।

टाइम्सका अनुसार ट्रम्प भर्खरै भेनेजुएलाका नेता निकोलस मादुरोलाई सफलतापूर्वक अपहरण गरेपछि उत्साहित भएकाले इरानमा पनि उही मोडल दोहोऱ्याउने प्रयास गरेका हुन सक्थे। युद्धको पहिलो दिन नै अहमदिनेजादको तेहरानस्थित घरमा इजरायलले बमबारी गरेको थियो। सो आक्रमण खासमा उनलाई घरमै गरिएको नजरबन्दबाट मुक्त गर्ने उद्देश्यले भएको अमेरिकी अधिकारीले पत्रिकालाई बताए। तथापि, उनी आक्रमणमा सामान्य घाइते भएका थिए। अहमदिनेजाद हमलाबाट बचेका भए पनि उनको अवस्था अज्ञात रहेको छ।



> पूर्वराष्ट्रपति महमुद अहमदिनेजादले इरानको राजनीतिक, सामाजिक र सैन्य अवस्था व्यवस्थापन गर्न र देशलाई कुशलतापूर्व संकटबाट बाहिर ल्याउन सक्ने अमेरिकी विश्वास थियो

द एसोसियट प्रेसका अनुसार यी पूर्वराष्ट्रपतिले खामेनीको अवसानपछि 'इरानको राजनीतिक, सामाजिक र सैन्य अवस्था' व्यवस्थापन गर्न र देशलाई कुशलतापूर्वक संकटबाट बाहिर ल्याउन सक्ने अमेरिकीले विश्वास गरेका थिए। तथापि, अहमदिनेजादनजिकका सहयोगीले भने उनी नजरबन्द मुक्त भएपछि शासन परिवर्तनको उद्देश्यमा सकारात्मक नभएको र अमेरिका-इजरायलसँग सहकार्य गर्न अनिच्छुक भएको बताएका छन्। सन् २००३ देखि २०१३ सम्म राष्ट्रपति रहेका अहमदिनेजादको पछिल्लो समय सर्वोच्च नेता आयतोल्लाह अली खामेनीसँग मतभेद बढ्दै गएको देखिन्थ्यो।

'अहमदिनेजादले खामेनीको शासनमा भ्रष्टाचार बढेको आरोप लगाउन थालेका थिए। यसले गर्दा खामेनीप्रति उनको बफादारीमै प्रश्न उठ्न थालेको थियो,' द न्युयोर्क टाइम्सले लेखेको छ, 'यसैले उनलाई पछिल्ला कैयौं राष्ट्रपतीय चुनावबाट उम्मेदवार बन्न नै अयोग्य घोषित गरिएको थियो। उनका कैयौं सहयोगी पक्राउ परिरहेका थिए। उनी स्वयंलाई बढ्दो रूपमा उनको घरमा सीमित गरिएको थियो। खामेनी शासनले अहमदिनेजादका नजिकका मानिसलाई पश्चिमसँग घनिष्ट र इजरायली जासुसीको आरोप लगाउन थालेका थिए।'

इतिहासमा आज

मे २१



सन् १९९१ : श्रीलंकाको पृथक्तावादी उग्रवादी संगठन तमिल टाइगर्ससँग आबद्ध एक महिलाले आत्मघाती विस्फोटमार्फत भारतका पूर्वप्रधानमन्त्री राजीव गान्धीको हत्या गरिन्।

सन् १८३२ : अमेरिकाको डेमोक्रेटिक पार्टीको पहिलो राष्ट्रिय सम्मेलन मेरिल्यान्ड राज्यको बाल्टिमोरमा सम्पन्न भयो।

सन् १८४० : लेफ्टिनेन्ट जनरल विलियम होबसनले न्युजिल्यान्डमाथि ब्रिटिस सार्वभौमसत्ता दाबी गरे।

सन् १८७१ : फ्रेन्च फौजले राजधानी पेरिसमा निर्माण भएको समाजवादी शासन 'पेरिस कम्युन' अपदस्थ गर्ने उद्देश्यले यसै दिनबाट हिंसात्मक कारबाही सुरु गऱ्यो। एक हप्ताको अवधिमा १५ हजारसम्म मारिएका थिए।

सन् १९२० : मेक्सिकोको सैन्य विद्रोहमा राष्ट्रपति भेनुस्तिआनो कारान्जोको हत्या भयो।

सन् १९२७ : चार्ल्स लिन्डबर्ग आन्द्र महासागर हवाईजहाज एक्लै चलाएर पार गर्दै पेरिस ओर्लिए। उनी यस्तो रेकर्ड राख्ने विश्वको पहिलो व्यक्ति बने। पाँच वर्षपछि यही दिन नै एमेलिया एयरहार्टले महिलातर्फ सोही रेकर्ड राखिन्।

सन् १९७२ : रिचार्ड निक्सन रुस गएसँगै पहिलोपटक अमेरिकी राष्ट्रपतिद्वारा सोभियत युनियनको भ्रमण।

सन् १९९१ : विद्रोही फौज राजधानी अदिस अबाबा नजिकिएसँगै मार्क्सवादी राष्ट्रपति मेन्गिस्टु हेली मरियम राजीनामा दिएर भागे।

सन् १९९८ : इन्डोनेसियाका राष्ट्रपति सुहार्तोले राजीनामा दिएसँगै उनको ३१ वर्ष लामो शासन अन्त्य भयो।

विश्व संक्षेप

थाइल्यान्डले गऱ्यो पर्यटकको भिसामुक्त बसाइ अवधि कटौती

बैंकक/ थाइल्यान्डले पर्यटकहरूका लागि दिँदै आएको भिसामुक्त अवधिमा भारी कटौती गर्ने भएको छ। मंगलबार त्यहाँको मन्त्रिपरिषद्ले ९० भन्दा बढी देशका पर्यटकहरूका ६० दिनसम्म विनाभिसा देशमा बस्न दिने योजनालाई सीमित गर्ने प्रस्तावलाई अनुमोदन गरेको छ।

यसअघि जुलाई २०२४ मा कोरोना महामारीपछि सुस्त अर्थतन्त्रको पुनरुत्थानलाई प्रोत्साहित गर्न सरकारले सम्पन्न देशका नागरिकलाई ६० दिनसम्म विनाभिसा बस्न दिने योजना कार्यान्वयन गरेको थियो। त्यस योजनामा संयुक्त राज्य अमेरिका, इजरायल, दक्षिण अमेरिकाका केही भाग र युरोपका २९ राष्ट्रिय सेन्जेन क्षेत्रका नागरिकहरू समावेश थिए।

नयाँ रूपरेखाअन्तर्गत, सरकारले भिसामुक्त बसाइ अवधिलाई दुई तहमा विभाजन गरेर एक तहका देशका नागरिकलाई ३० दिनमा सीमित गरेको छ भने अर्को समूहका देशका लागि केवल १५ दिनमा घटाइएको छ। 'केही देशका नागरिकले हाम्रो उदार योजनाको दुरुपयोग गरेको पाइएको थियो। यसलाई सम्बोधन गर्न नयाँ योजना ल्याइएको हो,' थाई सरकारकी प्रवक्ता रचदा धनादिरेकले बैंककमा पत्रकारहरूलाई भनिन्। पर्यटन थाई अर्थतन्त्रको बलियो स्तम्भ भए पनि देशको सुरक्षा चासोलाई पनि महत्त्व दिनुपर्ने आवश्यकता रहेको उनले बताइन्।

इबोलाबाट मृत्यु हुनेको संख्या १३१ पुग्यो

जेनेभा/ प्रजातान्त्रिक गणतन्त्र कंगो (डिआरसी)मा इबोला प्रकोपबाट मृत्यु हुनेको १३१ पुगेपछि विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले आपत्कालीन बैठक बोलायो। अन्तर्राष्ट्रिय विज्ञहरू सम्मिलित यस टोलीले डब्लुएचओ प्रमुखलाई प्राविधिक सल्लाह र सिफारिस प्रदान गर्छन्।

डब्लुएचओ प्रमुख टेड्रोस घेब्रियसस्ले मंगलबार 'कंगोमा देखिएको प्रकोपको स्तर र गतिप्रति आफू गम्भीर चिन्तित' भएको बताए। प्रकोपको केन्द्रविन्दु युगान्डा र दक्षिण सुडानको सिमानामा रहेको उत्तरपूर्वी प्रान्त इटुरी हो। तथापि, भाइरसवरपरका भागमा फैलिएर 'ग्राउन्ड जिरो'को रूपमा पहिचान गरिएको स्थानबाट २०० किलोमिटर परसम्म भेटिएको कंगोका अधिकारीले बताए।

हाल कंगोमा प्रकोपको रूप लिएको इबोलाको 'बुन्डिबुग्यो स्ट्रेन'को मृत्युदर ५० प्रतिशतसम्म छ भने यसको अहिलेसम्म कुनै स्वीकृत खोप पनि छैन। तथापि, विज्ञहरूको प्यानलले मंगलबार एक बैठक गरेर इबोलाको जायर स्ट्रेनविरुद्ध काम गर्ने पुष्टि भएको 'एर्भेबो' नामक खोपबारे थप अनुसन्धान गर्नुपर्ने बताए। मानिसमा अध्ययन नभएको यो खोपले पशु अध्ययनमा भने बुन्डिबुग्यो स्ट्रेनविरुद्ध समेत केही सुरक्षा प्रदान गरेको प्रमाण भेटिएको छ।

अमेरिकाद्वारा रुसी तेलको प्रतिबन्धमा दिइएको छुट थप एक महिनालाई थपियो

वासिंटन डिसी/ संयुक्त राज्य अमेरिकाले समुद्रमा रहेका ट्यांकरमा रहेका रुसी तेल र पेट्रोलियम उत्पादन खरिद गर्ने देशहरूका लागि थप ३० दिनका लागि प्रतिबन्धमा छुट दिने घोषणा गरेको छ। सोमबार सामाजिक सञ्जाल एक्समा एक पोस्ट गर्दै अमेरिकी वित्तमन्त्री स्कट बेसेन्टले यसको घोषणा गरे। अब जुन १७ सम्म रुसी तेल खरिद गर्ने देशमाथि अमेरिकी कारबाहीमा छुट हुनेछ।

